# सिबिओ विकास केन्द्र, कैलालीको

# ५ वर्षे रणनीतिक योजना

(सन् २०१९-२०२३)

# *Strategic Plan of CBODC, Kailali*




**योजना लेखन कार्य**

चेतनाथ कणेल, विकास परामर्शदाता, काठमाडौं

ज्ञानु प्रसाद तिवारी, कार्यक्रम व्यवस्थापक, सिबिओ विकास केन्द्र, कैलाली

जनवरी, २०१९

# अध्यक्षको भनाइ

सिबिओ विकास केन्द्र (सिबिओ डीसी) समुदायमा आधारित संस्थाहरूको नेटवर्क छाता-संस्था हो । यसले विपन्न तथा उपेक्षितहरू (जस्तै, सुकुम्बासी, महिला, दलित, जनजाति आदि) लाई विशेष जोड दिई तिनीहरूको आर्थिक तथा सामाजिक स्तरमा सुधार ल्याउने यस प्रमुख ध्येय राखेको छ । विभिन्न क्रियाकलापमार्फत् कार्य-वातावरण सुदृढ गर्दै सकारात्मक विकासतर्फ उत्प्रेरणा जगाउने कार्यक्रमहरू यस संस्थाले नियमितरूपमा सञ्चालन गर्दै आइरहेको छ ।

सिबिओ विकास केन्द्रले समुदायमा छरिएर रहेका व्यक्तिहरूलाई एकीकृत गरी समूहमार्फत् एकताको डोरीमा आबद्ध गरी समाजमा परिवर्तन गर्ने सकारात्मक विकासतर्फ उत्साहित गराउँदै आएको छ । समुदायमा १८१ वटा समूहको जन्म भई ती समूहको प्रतिनिधित्व गर्दै साविकका गा.वि.स स्तरमा ५ वटा 'समुदायमा आधारित संस्थाहरू'ले वैधानिकता प्राप्त गरी सञ्चालित अवस्थामा छन् । सिबिओ विकास केन्द्रले समग्र समूह र घरपरिवारका आय-आर्जन, स्वास्थ्य र सरसफाइ; सामाजिक, सांस्कृतिक तथा शिक्षा विकास र विपद् व्यवस्थापनजस्ता महत्वपूर्ण सवालमा सचेतना जगाई परिवर्तन गर्न सहजीकरण र अनुगमन गर्ने गर्दछ ।

समूहमा साझा सवालको बिषयमा आवाज उठाई न्यायिक समतातर्फ अगाडि बढिरहेको छ । समूहस्तरमा हुने गतिविधिहरूको अभिलेख लेखापरीक्षण, सामाजिक लेखापरीक्षण गर्ने गरिरहेको छ । सार्वजनिक सम्पत्तिको सम्वर्द्धन र संरक्षण गर्नतर्फ पनि स्थानीय संस्थाहरू अग्रसर भएका छन् । समूह तथा सिबिओ विकास केन्द्रलाई संगठनात्मक रूपमा अगाडि बढाउन, समय सापेक्ष नेतृत्व अथवा अगुवाको क्षमता, सीप तथा ज्ञानमा वृद्धि गरी क्रियाशीलता बढाउने काम भइरहेको छ । समुदाय तहका समूहहरू तथा सिबिओ विकास केन्द्रलाई संस्थागत रूपमा दीर्घकालीन बनाउने सोच र प्रक्रियाअनुरूप सिबिओहरूको पनि क्षमतामा अभिवृद्धि भइरहेको छ । प्रजातान्त्रिक पद्दतिअनुरूप रूपान्तरण गर्दै, सुधार गर्दै अगाडि बढाउनुपर्ने समय र वातावरणले दायित्व थप्दै गएको महसुस गरिएको छ ।

यस सिबिओ विकास केन्द्रले आफ्नो झण्डै १२ वर्षको यात्रामा विभिन्न परियोजना, समूह, सिबिओ र सहकारी संस्थाहरूको अनुभवबाट केही विशिष्ट सिकाइहरू तथा उपलब्धिहरू पनि हासिल गरेको छ । यी सिकाइ र अनुभवहरूलाई भोलिका दिनमा थप व्यवहार र स्थलगत कार्यान्वयनमा प्रयोग गर्दै समग्रमा यो संस्था अझ परिमार्जित र विशिष्टीकरणतर्फ लाग्न पनि आवश्यक छ । देश संघीयतामा गइसकेको अवस्थामा गैरसरकारी संस्थाहरूको नियमन तथा नीतिहरू अन्योलमा रहेको अवस्था छ । यस अवस्थामा संस्थाहरूको द्रुततर संख्यात्मक वृद्धिका बीचमा हामी सिबिओ र सिबिओ फेडेरेसनको अलग पहिचान कसरी बनाउन सकिन्छ भन्ने विषयमा हामी केही छलफल गरेर यस रणनीतिक योजनामा समावेश गर्न खोजेका छौं भन्ने लाग्दछ ।

हामीले आर्थिक र समाजिक रूपले पछि परेका तथा पारिएका वर्गको उन्नतिको निमित्त गरेका प्रयास र प्राप्त नतिजाहरूलाई संगठित गर्दै आगामी दिनमा संस्थालाई अझ फराकिलो, व्यावसायिक र दिगो बनाउनेतर्फ हामी अडिक रहेका छौं । यद्यपि हामीले आफ्नो आचार-संहिता आफैं तयार गर्ने र आत्मानुशासन पालन गर्दै समयसापेक्ष नीति-नियम बनाई तथा भएका नीति-नियमहरू संशोधन र परिमार्जन गर्दै अगाडि बढ्नु हाम्रो कर्तव्य हो भन्ने ठानेका छौं ।

अन्त्यमा, यस संस्थाको ५ वर्षे रणनीतिक योजना निर्माण गर्ने कार्यमा सहजकर्ताको भूमिकामा महत्वपूर्ण सहयोग गर्नुहुने विकासविद् चेतनाथ कणेलज्यूप्रति निकै नै आभारी छौं र धन्यवाद दिन चाहन्छौं । त्यसैगरी, रणनीतिक योजना निर्माण कार्यशालामा सक्रियतापूर्बक सहभागी जनाउनुभएकोमा सिबिओ विकास केन्द्रका कार्यसमितिका पदाधिकारीहरू, कर्मचारीहरू र सहकारीका प्रतिनिधि/कर्मचारीहरूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छौं । यस रणनीतिक योजना बनाउन आर्थिक सहयोग गर्ने विकाष कोष नर्वेलाई पनि हामी हृदयदेखि नै धन्यवाद दिन चाहन्छौं । साथै, आगामी दिनमा यो रणनीतिक योजनाको सफल कार्यान्वयन गर्नका लागि विभिन्न सरोकारवाला निकायहरू, स्थानीय निकाय, विकाष कोष नर्वे लगायत विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय निकायहरूबाट सहयोग र साझेदारिताको अपेक्षा गर्दछौं ।

धन्यवाद !

-राधा देवी ओली

# विषयसूची

*अध्यक्षको भनाइ*.................................................................................................
*विषयसूची* ...................................................................................................

**परिच्छेद १: संस्थागत परिचय र योजना निर्माणको पृष्ठभूमि ...................................... १**

**परिच्छेद २: योजना निर्माणका सहचागीहरू, अपनाइएको तौरतरिका र सिद्धान्त..................... ३**

**परिच्छेद ३: विगतका योजनाहरू र संस्थाको समग्र उपलब्धि समीक्षा .............................. ५**

३.१ सिबिओ विकास केन्द्रका विगतका योजनाहरू र कार्यान्वयन स्थिति ..................................
३.२ सिबिओ विकास केन्द्रका १२ बर्षे उपलब्धि र केही प्रभावहरू ......................................
३.३ सिबिओले हालसम्म गरेका साझेदारिता र सिबिओलाई सहयोग गर्ने संस्थाहरू ......................
३.४ सिबिओ विकास केन्द्रको आवश्यकता किन ? ..............................................................
३.५ अबको १२ वर्षमा सिबिओमा के के सकारात्मक परिवर्तन भित्रिएलान् ? ..............................

**परिच्छेद ४: सिबिओ विकास केन्द्रको नयाँ रणनीतिक योजना (सन् २०१९-२०२३)................ ८**

४.१ परिदृश्य (भिजन)..........................................................................................
४.२ लक्ष्य ..........................................................................................................
४.३ उद्धेश्यहरू ....................................................................................................
४.४ मूल रणनीतिहरू ..............................................................................................
४.५ कार्यक्रमका मूल विषय र क्षेत्रहरू ........................................................................
४.६ अपेक्षित उपलब्धिहरू .......................................................................................
४.७ योजना अवधिका लागि कार्यक्रम र बजेट प्रक्षेपणको विस्तृत प्रस्तुति ...........................
४.८ प्रगति मापनका परिमाणात्मक मूल सूचकहरू .........................................................
४.९ बजेटका स्रोत र प्रक्षेपण .....................................................................................
४.१० सहयोग गर्ने सम्भाव्य संस्थाहरू ...........................................................................

**परिच्छेद ५: योजना मूल्याङ्कनको फ्रेमवर्क र समय-सीमा ............................................. १९**

**अनुसूचीहरू ...............................................................................................................**

अनुसूची १ : सिबिओडीसीका १२ बर्षका प्रमुख सारथिहरू (२० जना) ....................................... २०
अनुसूची २ : रणनीतिक योजना निर्माण कार्यशालामा सहभागीहरूको विवरण .............................. २०
अनुसूची ३ : सिबिओ विकास केन्द्रअन्तर्गतका विभिन्न सहकारी र समूहहरूको वर्तमान अवस्था......... २१
अनुसूची ४ : सिबिओ विकास केन्द्रका विगतका उपलब्धि र प्रभावबारेमा सहभागीले तयार पारेका केही केस स्टडी (घटना अध्ययन)/सफलतामा आधारित लेख ................................ २१

# परिच्छेद १

# संस्थागत परिचय र योजना निर्माणको पृष्ठभूमि

कैलाली जिल्लाको फूलबारी, उर्मा, गदरिया, श्रीपुर र चौमाला गाविसमा सशक्तिकरण प्रक्रियामा आधारित सर्वेक्षण गरी उपेक्षित घरधुरी पहिचान गरिएको थियो । पहिचान भएका उपेक्षित घरधुरीहरूबाट बढीमा २५ घरधुरीको प्रतिनिधित्व हुने गरी समूहको स्थापना गरिएको छ ।

तिनै समूहहरूबाट प्रतिनिधित्व हुने गरी गाविसस्तरीय सञ्जालको रूपमा सि.बि.ओ.हरू गठन गरिएको छ । जसमा समाज सेवा समिति चौमाला, पीडित मुक्ति समाज गदरिया, एकता समाज श्रीपुर, सशक्तिकरण मूल समिति उर्मा, स्वयम् जागृति समाज फूलबारी सि.बि.ओ. र थारु शिल्पकला सहकारी संस्था लि. गदरियाका प्रतिनिधिहरूबाट २०६३ साल देखि सि.बि.ओ.विकास केन्द्र स्थापना गरिएको हो । यसलाई विधिवतरूपमा जिल्ला प्रशासन कार्यालय कैलालीमा १६ पुस, २०६३ मा दर्ता गरी सञ्चालनमा ल्याइएको हो । सि.बि.ओ. विकास केन्द्र कैलाली, समाज कल्याण परिषद्मा १५ चैत, २०६३ आबद्ध भएको हो ।

हाल १८१ समूहहरू (कुल ३२७५ उपेक्षित घरधुरी) संस्थामा आबद्ध रहेका छन् । ती सबै घरधुरी र समूहहरू ८ वटा सहकारीमा समेटिएका छन् (**बाकस १** मा सहकारीहरूको विस्तृत विवरण प्रस्तुत गरिएको छ) वि.सं. २०६८ देखि मोहन्याल, रामशिखरझाला र साँडेपानी गाविसका थप १,६०२ घरधुरीसहित जम्मा ४,८७७ उपेक्षित घरधुरीका साथै गेटा, मालाखेती, गोदावरी, सहजपुर, निगाली र धनगढी नगरपालिकाका अन्य संकटासन्न तथा उपेक्षित समुदायसँग संस्थाले प्रत्यक्षरूपमा काम गरी परियोजना सफल बनाई सकेको छ ।

**बाकस १ : कार्यक्षेत्रमा स्थापना गरिएका ८ वटा सहकारीहरूको नाम र ठेगाना**

१) समाज विकास कृषि सहकारी, चौमाला
२) प्रगति एकता बचत तथा ऋण सहकारी, श्रीपुर
३) स्वयम् जागृति बचत तथा ऋण सहकारी, फूलवारी
४) पीडित मुक्ति बचत तथा ऋण सहकारी, गदरिया
५) सशक्त बचत तथा ऋण सहकारी, उर्मा
६) आर्दश कृषि सहकारी संस्था, साँडेपानी
७) रामशिखर कृषि सहकारी संस्था, रामशिखरझाला
८) परिवर्तन कृषि सहकारी संस्था, मोहन्याल

स्रोत : कार्यालय अभिलेख, सिबिओ विकास केन्द्र, २०१९

अहिले विकास कोष नर्वेको आर्थिक सहयोगमा घोडाघोडी नगरिपालिका र मोहन्याल गाउँपालिकामा **सुलभ परियोजना** सञ्चालन गरिरहेको छ ।

देश यतिबेला संघीयतामा गएको छ । स्थानीय तहका सरकारहरू क्रमशः बलियो बन्दै गएका छन् । यस अवस्थामा विकास तथा गैसस व्यवस्थापनका लागि विभिन्न विनियम तथा नीतिहरू बनेर कार्यान्वयनमा गएका छन् भने केही कार्यान्वयनका अवस्थामा छन् । स्थानीय संघसंस्थाहरूलाई सहजीकरण र नियमन गर्नका लागि पालिका सरकारहरूबाट नयाँ कानुनहरू पनि आएको अवस्था छ ।

देशले अहिले १० वर्षे जनयुद्धपछि विकासमा फड्को मारिरहेको छ । 'समृद्ध नेपाल, सुखी नेपाली'को नारा हाम्रा अगाडि छ । सरकारले विभिन्न नयाँ योजनाहरू ल्याउने र कार्यान्वयन गर्ने गरिरहेको छ । योसँगै विश्वव्यापीरूपमा तय भएको दिगो विकासका लक्ष्य तथा उद्देश्यहरू (एसडीजी) पनि नेपालले स्वीकारेको छ । ती लक्ष्यहरू सन् २०३० सम्ममा हासिल गर्नुपर्ने अवस्था छ ।

दिगो विकासका लक्ष्य र सरकारका योजनाहरूलाई छिटो र दिगो परिवर्तनका लागि हामीजस्तो समुदायमा आधारित संस्थाको आवश्यकताको महसुस भएको देखिन्छ । देशले विकासले फड्को मारिरहँदा कैलाली जिल्लाका अति पिछडिएको क्षेत्रमा अरु भेगको तुलनामा अपेक्षित मात्रामा महिला उत्थान हुन सकेको छैन । सबैलाई खाद्यान्न आपूर्ति चाहिँदोमात्रामा छैन । खानेपानी, स्वास्थ्य, शिक्षा तथा साक्षरताको अवस्था कमजोर छ । आयआर्जन र रोजगारीको अवस्था पनि नाजुक छ ।

यस परिस्थितिमा समुदायमा आधारित संस्थाले कसरी वातावरणको संरक्षण गर्दै स्थानीय युवा तथा जनसमुदायको सक्रिय परिचालनमा रोजगारीको सृजना गरी विपन्न समुदायको दिगो जीविकोपार्जनमा सहयोग गर्न सकिन्छ भन्ने हाम्रो मूल सरोकार हो ।

जीविकोपार्जनमा असर पार्ने अन्य आयामहरू के के हुन् भनी गहनरूपमा छलफल गर्नुपर्ने अवस्थाको महसुस भएको हुने गरेको छ । अब अगाडि कसरी जाने त ? त्यही प्रश्नको जवाफ दिनका लागि हामीले संस्थाको यो नयाँ **रणनीतिक योजना** तयार पारेका

छौं । यसको सोच अवधि ११/१२ वर्षको (सन् २०३० सम्म) छ भने विस्तृत कार्यक्रम ५ वर्षका लागि मात्र तयार पारेका छौं । पाँच वर्षको अनुभवका आधारमा दर्घिकालीन सोचलाई सिरानीमा राखी फेरि अर्को रणनीतिक योजना तर्जुमा गर्नेछौं ।

यसपछिका खण्डहरूमा सिबिओ विकास केन्द्रका प्रमुख उपलब्धिहरू केलाउने प्रयास गरिएको छ । समीक्षाका क्रममा संस्थालाई यहाँसम्म ल्याइपुऱ्याउने व्यक्ति तथा प्रमुख संस्थाहरूलाई पनि सम्झने प्रयास गरेका छौं । रणनीतिक योजना तयारीका लागि हामीले के के विधि र प्रक्रिया अपनायौं भन्ने कुरा पनि उल्लेख छ । साथै, १२ वर्षे भिजन र ५ वर्षे कार्ययोजनाका साथ बजेट र सम्भावित सहयोगी संस्था प्रस्ताव गरेका छौं । रणनीतिक योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन के, कसरी, कहिले गर्ने भनेर पनि हामीले स्पष्ट खाका बनाएका छौं ।

अन्तमा अनुसूचीको रूपमा रणनीतिक योजना तर्जुमाका क्रममा सहभागीहरूले 'संस्थाका अनुभव केही त लेख्नैपर्छ' भनी महसुस गरेर जानी-नजानी केही लेख्ने प्रयास गर्नुभएको छ । हामीले जस्ताको तस्तै राख्ने धृष्टता गरेका छौं । ती कथाले संस्थाको ऐना हेर्न भने निक्कै सघाउँछ भन्ने हामीलाई लागेको छ । यी ऐतिहासिक दस्तावेज पनि हुनेछन् ।


# परिच्छेद २
# योजना निर्माणमा अपनाइएको तौरतरिका र सहभागीहरू

यो रणनीतिक योजना मूलतः संस्थाकै कार्यसमितिका पदाधिकारीहरू, कर्मचारीहरू र केही अनुभवी तथा जानकार सदस्यहरूको सक्रिय सहभागितामा तयार पारिएको हो । संस्थाभित्र छलफल चलाउने, रणनीतिक तरिकाले सोच बनाउने कार्यमा सहजीकरण गर्ने र गोष्ठीबाट निस्केका सारहरूलाई योजना खाकामा ढाल्ने कार्यमा विकास परामर्शदाता चेतनाथ कणेल र संस्थाका कार्यक्रम व्यवस्थापक ज्ञानु तिवारीको विशेष भूमिका छ ।

## २.१ योजना तर्जुमा गोष्ठीबारे

समग्र योजना निर्माणको प्रक्रियामा साझेदार संस्था **विकास कोष (डीएफ) नर्वे**को आर्थिक सहयोग प्राप्त भएको थियो । सिबिओ विकास केन्द्रकी अध्यक्ष राधा वलीले समग्र कार्यक्रमको अध्यक्षता तथा नेतृत्वदायी अभिभावकत्व प्रदान गर्नुभएको थियो । कार्यक्रमको संयोजनमा भने कार्यक्रम व्यवस्थापक ज्ञानु तिवारी र लेखा प्रमुख ईन्दु शाहको विशेष पहलकदमी र भूमिका थियो । योजना निर्माणमा **१२ जना**को सहभागिता थियो । सहभागीहरूको नामावली **अनुसूची २** मा दिइएको छ । जसमा ६ जना पुरुष तथा ६ जना महिला सहभागी हुनुहुन्थ्यो ।

योजना निर्माणका लागि ४ दिने गोष्ठी डडेलधुराको सदरमुकाम ऐतिहासिक अमरगढी नगरीको बागबजारस्थित राइनो होटेलमा गरिएको थियो । **२०७५ पुस ८ देखि ११ गतेसम्म** (अर्थात् सन् २०१९ को डिसेम्बर २३ देखि २६ सम्म) सञ्चालन गरिएको उक्त गोष्ठीमा मुख्य सहजकर्ताबाट केही संस्थागत विकास, विकास सोच, सकारात्मक सोच पद्धति, योजना तर्जुमामा सहभागीमूलक तथा सकारात्मक (आप्पा) विधिहरू, अनुगमन तथा मूल्यांकन विधि एवम् संस्थाका लागि दिगो कोष व्यवस्थापनजस्ता महत्वपूर्ण विषयहरूमा आफ्ना अनुभव बाँड्दै सहभागीहरूबाट सिबिओको सन्दर्भमा के गर्न सकिन्छ, कसरी गर्न सकिन्छ भन्ने सवाल राख्दै योजनाका लागि खुराक निकाल्ने कार्य भएको थियो । सकारात्मक तथा सहभागीमूलक पद्धति अर्थात् **आप्पा** विधिबाट योजना बनाउँदा ख्याल गर्नुपर्ने सकारात्मक प्रश्नको आरम्भ र **५ 'स' (अर्थात् ५'डी') मा आधारित** क्रमिक योजना चक्र (तल **तालिका**मा देखाएअनुसार) को प्रक्रिया कार्यशालाभरि नै गरिएको थियो ।





| **D**iscovery | **D**ream | **D**irection | **D**esign | **D**elivery |
|---|---|---|---|---|
| हाम्रो संस्थाका सवल पक्षहरू के के हुन् ? | ५ वर्षमा हामी के के उपलब्धि हासिल भएको देख्न चाहन्छौं ? | देखेका कुरालाई प्राथमिकता तोक्न नबिर्सौं | प्राथमिकताप्राप्त कुरालाई विस्तृत योजनामा ढालौं | योजना कार्यान्वयन र समन्वयको खाका बनाऔं र कार्य गरौं, सामयिक समीक्षा गरौं |

## २.२ गोष्ठीमा छलफलका र कार्यका सिलसिलामा अपनाइएका विधिहरू

योजना निर्माणका सन्दर्भमा सहभागीहरूबीच निम्न विधिहरू अवलम्बन गरिएका थिए:

- प्रशिक्षण प्रस्तुति/लेक्चर
- प्रश्नोत्तर
- छलफल
- प्रस्तुतीकरण र पृष्ठपोषण
- खेल
- व्यक्तिगत अभ्यास
- सामूहिक कार्य,





### २.३ सहभागीहरूका अपेक्षाले दिएको कार्यक्रमको रूपरेखा

कार्यक्रमको आरम्भमा सहभागीहरूबाट अपेक्षा संकलन गर्ने कार्य भएको थियो । हरेकले कार्डमा लेखी सेयर गरेका अपेक्षाहरूको संश्लेषण गर्दा निम्न सरोकारमा विशेष चासो रहेको देखिएको थियो :

- संस्थालाइ दिगो बनाउन के (नीति अवलम्बन) गर्नुपर्छ ?
- संस्थाले विगतमा गरेका सकारात्मक कार्य तथा नकारात्मक कार्यको समीक्षा गर्ने, थप छलफल, विचार- विमर्श गर्ने
- परिवर्तनको सिद्वान्त (थ्योरी अफ चेन्ज) लाई संस्थाको योजनामा प्रतिबिम्बित कसरी गर्न सकिन्छ ?
- सदस्यहरूको क्षमतालाई कसरी विकास गर्ने ?
- विषय विशेषज्ञको अनुभव, सिकाइबाट ज्ञान हासिल गरी संस्था तथा समुदायको लागि गर्न सकिने भूमिकाबारे थप स्पष्ट हुने
- अन्य विभिन्न संस्थाहरूसँग सम्पर्क कसरी बढाउने ?
- उत्कृष्ट रिपोर्ट लेखन तरिकामा क्षमता अभिवृद्धि
- हरेक व्यक्तिमा नयाँ परिवर्तनका लागि सकारात्मक सोच कसरी ल्याउने ?
- आफ्नो काम, कर्तव्यलाई अझ प्रभावकारी बनाउने विधि र तरिकाको ज्ञान लिने
- सरोकारवालाको आवश्यकता सही तरिकाले पहिचान गर्ने तरिकामा स्पष्ट हुने

### २.४ योजना निर्माणका लागि परिवर्तनको सिद्धान्तलाई आत्मसात

रूपान्तरणमुखी विकास प्रक्रियामा पछिल्लो समय चलिरहेको परिवर्तनको सिद्धान्त अर्थात् 'थ्योरी अफ चेन्ज' (Theory of Change) को मर्म र सिद्धान्तलाई आत्मसात गर्दै यो योजना पनि त्यसै अनुरूप बनाउने प्रयास भएको छ ।
जसरी थ्योरी अफ चेन्जले कुनै पनि विकास योजना, आयोजना, कार्यक्रम, पहल वा अभियान कुनै पनि समुदाय वा आफ्नो लक्षित क्षेत्रमा सुरु गर्नुभन्दा अघि नै निम्न ५ सवालमा केन्द्रित रही जवाफ तयार पारेर मात्र अघि बढ्नुपर्ने भन्दछ, त्यसैगरी यस सिबिओ विकास केन्द्रको योजनाले पनि ती सन्दर्भहरूलाई राम्रोसँग आत्मसात गरेर यो ५ वर्षे योजना तयार पारेको छ ।




**Theory-of change based development concept**
(विचार र लगानीदेखि प्रभावसम्मको स्पष्ट सोच)

# परिच्छेद ३
# विगतका योजनाहरू र संस्थाको समग्र उपलब्धि समीक्षा


## ३.१ सिबिओ विकास केन्द्रका विगतका योजनाहरू र कार्यान्वयन स्थिति

यस संस्थाले विगत १२ वर्षमा ३ वटा रणनीतिक योजनाहरू तयार पारिसकेको छ। ती योजनाहरूको विवरण यसप्रकार छ :

**तालिका ..: सिबिओडीसीका विगतका योजनाहरू**

| क्रम सं. | योजना क्रम | योजनाको अवधि | | मूल विशेषता |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | पहिलो | २००९ | २०११ | |
| २ | दोस्रो | २०१२ | २०१४ | |
| ३ | तेस्रो | २०१५ | २०१७ | |

अतः योजना-क्रमका हिसाबले प्रस्तुत योजना सिबिओ विकास केन्द्रको चौथो दीर्घकालीन वा रणनीतिक योजना हो । यस **योजनाको अवधि ५ वर्ष**का लागि तोकिएको छ । सन् २०१९ ओ आरम्भदेखि (२०७५ पुस) नै लागू भई सन् २०२३ को अन्त (२०७९ पुस) सम्म यो कार्यान्वयनमा आउने छ ।




**सिबिओ विकास केन्द्रको चौथो रणनीतिक योजनाको अवधि**

## ३.२ सिबिओ विकास केन्द्रका १२ बर्षे उपलब्धि र केही प्रभावहरू

- जिल्लामा स्थापित सञ्जाल संस्था (५ वटा सिबिओ) को रूपमा पहिचान र मान्यता
- वर्ल्ड भिजन इन्टरनेसनलद्वारा उत्कृष्ट साझेदार संस्थाको रूपमा २०१६ मा सिबिओ विकास केन्द्रलाई विशेष पुरस्कार प्रदान
- समुदायको असीम विश्वास र आस्था ('ठगी खाने संस्था होइन, गरी खाने संस्था हो' भन्ने विश्वास)
- ५ वटै सिबिओहरूको र ८ वटै सहकारीहरूको आफ्नै भवनमा कारोवार
- जीविकोपार्जन परियोजनामार्फत् विपन्न बालबालिकाहरूलाई निरन्तर विद्यालय पठाउन सफल
- विभिन्न साक्षरतासम्बन्धी कार्यक्रममार्फत् महिला साक्षरता वृद्धिमा सहयोग र राम्रो उपलब्धि
- सकारात्मक छविको केन्द्र तथा पारदर्शी र सुशासन संस्थाको रूपमा विशेष पहिचान
- समूह, सहकारी, सिबिओ र सिबिओ विकास केन्द्र, मानवअधिकारकर्मी, महिला अधिकारकर्मीबीचको राम्रो सञ्जालको रूपमा विकसित
- विभिन्न सीपमूलक तालिममार्फत् (जस्तैः ठेला सञ्चालन, नास्ता पसल सञ्चालन, मोबाइल मर्मत, सिलाइकटाइ व्यवसाय आदि) केही विपन्न वर्गका मानिसलाई स्वावलम्बी र नमूना 'व्यवसायी' बनाउन सफल
- तालिमको राम्रो प्रभाव तथा आम्दानीमा वृद्वि भएका सयौं उदाहरण स्थलगत रूपमा उपलब्ध
- एक महिला सदस्यद्वारा उदाहरणीय रूपमा बेसार उद्योगको स्थापना र सञ्चालन
- सामुदायिक संस्था र जनताको बहुपक्षीय क्षमता विकास र बजार स्थापनामा सहयोग

- समुदायमा साना सिंचाइको व्यवस्थामार्फत् बाली विविधीकरणमा वृद्धि
- समुदायमा पोषणयुक्त खानेकुराको प्रवर्द्धन र धेरै जना अभ्यस्त हुँदै गइरहेको, आदि ।

## ३.३ सिबिओले हालसम्म गरेका साझेदारिता र सिबिओलाई सहयोग गर्ने संस्थाहरू

सिबिओ विकास केन्द्रको स्थापनाकालदेखि हालसम्म कम्तीमा एक दर्जन संस्थाले सहयोग गरेका छन् । ती संस्थाहरूको नाम र सहयोग भएका मुख्य क्षेत्रहरू तल औंल्याइएको छ ।

साथै सिबिओ विकास केन्द्रको सफल १२ वर्षे यात्रामा महत्वपूर्ण भूमिका निभाउने २० जना व्यक्तित्वको नाम **अनुसूची १** मा राखिएको छ । कार्यशाला गोष्ठीका अवसरमा सहभागीहरूले स्मरण गर्दै गर्दै यो सूची तयार पारिएको हो ।

| सहयोगी संस्थाहरू | सहयोग |
|---|---|
| **लुथरन वर्ल्ड फेडेरेसन नेपाल** | • समूह, सिबिओ, सहकारी र सिबिओ विकास केन्द्र स्थापनामा,<br>• संस्थागत क्षमता विकासमा, परियोजना संचालन क्षमता अभिवृद्धिमा |
| **वर्ल्ड भिजन इन्टरनेसनल नेपाल** | • जीविकोपार्जन, शिक्षा परियोजना र संस्थागत क्षमता विकास |
| **विकास कोष नर्वे** | • जीविकोपार्जन, शिक्षा, पोषण, महिला सशक्तिकरण क्षेत्रमा |
| **हेल्भेटास** | • केरा, बगरखेती र माछापालन व्यवसायमा सिबिओसँग साझेदारी |
| **सिप्रेड** | • तरकारी खेती प्रवर्द्धनमा सहयोग |
| **सहकर्मी समाज** | • संस्थागत क्षमता विकासमा सहयोग |
| **जिआइजेड (GIZ)** | • शन्ति पुनर्स्थापना परियोजनामा साझेदारी (समाज सेवा समिति, चौमाला) |
| **ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (RDRC)** | • सामुदायिक सूचना केन्द्र स्थापनामा (शसक्तिकरण मुल समिती, उर्मा) |
| **जिल्ला कृषि विकास कार्यालय** | • प्राविधिक सहयोग |
| **जिल्ला पशु सेवा कार्यालय** | • प्राविधिक सहयोग, बाखा पैंचो कार्यक्रममा साझेदारी |
| **५ वटै गाविसहरू** | • भवन योजना निर्माण र कार्यान्वयन |
| **जिविस कैलाली** | • सशक्तिकरण मूलसमितिको कल्भर्ट र भवन निर्माणमा सहयोग |

## ३.४ सिबिओ विकास केन्द्रको आवश्यकता किन ?

नयाँ सन्दर्भमा सिबिओको भूमिका र महत्ता राम्रोसँग महसुस गर्नका लागि योजना तर्जुमा छलफलका सन्दर्भमा सहभागीहरूबीच एउटा प्रश्न राखियो । उक्त प्रश्न थियो : **सिबिओ विकास केन्द्र नभए के हुन्छ ?**

गोष्ठीका सहभागीहरूले सिबिओको भूमिकालाई यसरी प्रस्ट्याए :

क) आवाजहीन समुदायका आवाज बाहिर ल्याउने काममा सघाउने जनताकै संस्था

ख) समुदायमा गठित संस्थाहरूको पनि संस्थाको रूपमा कार्यरत अभिभावकीय संस्था

ग) मानवअधिकार र खाद्यसुरक्षालाई प्राथमिकता दिई विपन्न र पछाडि पारिएका जनतासँगै काम गर्ने संस्था

घ) स्थानीय जनताको वास्तविक पीरमर्का बुझी स्थानीय तहबाटै उठेर जाग्दै अगाडि बढेको संस्था

ङ) स्वयम्सेवी भावनामा आधारित संस्था ।

## ३.५ अबको १२ वर्षमा सिबिओमा के के सकारात्मक परिवर्तन भित्रिएलान् ?

सहभागीमूलक तथा सकारात्मक विधिबाट सहभागी १२ जनाका १३ वटा सपनाहरूलाई यहाँ जस्ताको तस्तै राख्ने प्रयास गरिएको छ :

**आफ्नै संस्थागत विकासतर्फ :**

१) सिबिओ विकास केन्द्रको आफ्नै सुविधायुक्त भवन निर्माण भइसकेको हुनेछ र सोही भवनमा कार्यालय रहनेछ।
२) सिबिओ विकास केन्द्रको कार्यक्षेत्र अन्य जील्लाहरूमा पनि बिस्तार भइसकेको हुनेछ।
३) सिबिओ विकास केन्द्र सिबिओहरूको स्रोतको रूपमा विकास भइसकेको हुनेछ।
४) दक्ष कर्मचारी संयन्त्रको विकास भएको हुनेछ।

**सामुदायिक समृद्धि (जनताको प्रत्यक्ष विकास र उन्नतितर्फ)**

५) कार्यक्षेत्रमा लक्षित समुदायका ९० प्रतिशत युवाहरू स्वरोजगार भइसकेका हुनेछन्।
६) 'एक घर एक रोजगारी' हुनेछ।
७) प्रत्येक समूहमा कम्तीमा ५ जना सदस्यहरूले बचत उठाउन र निर्णय गर्न सक्नेछन्।
८) सिबिओहरूमा आबद्ध हुन छुटेका सदस्यहरूलाई शेयर सदस्यता प्रदान गरिएको हुनेछ।
९) लोपोन्मुख जाति **राजी**लाई सिबिओ विकास केन्द्रमा सहभागी गराई आयआर्जनमूलक क्रियाकलापहरूद्वारा उनीहरूको आयस्तर बढाउने कार्य अघि बढेको हुनेछ।
१०) सिबिओ विकास केन्द्रको कार्यक्षेत्रमा हिंसा न्यूनीकरण र मानव अधिकारको प्रत्याभूत भएको हुनेछ।
११) कार्यक्षेत्रमा कम्तीमा १,००० अति विपन्न परिवारहरूले मासिक रु २,०००. बचत गर्न सक्षम हुनेछन्।
१२) प्रत्येक सहकारीहरूको कुल पुँजी रु १ करोड पुगेको हुनेछ। र, सहकारीले विपन्न वर्गको अभिभावक संस्थाको रूपमा महत्वपूर्ण भूमिका खेलेको हुनेछ।
१३) सिबिओसँग आबद्ध महिला तथा उपेक्षित वर्गको राजनीतिक नेतृत्व र सहभागितामा विकास भएको हुनेछ।

# परिच्छेद ४
# सिबिओ विकास केन्द्रको नयाँ रणनीतिक योजना
## (सन् २०१९-२०२३)

### ४.१ परिदृश्य (भिजन)

विपन्नता र पछौटेपनले जकडिएका जनताका घरआँगनमा मलमपट्टी लिएर आउने एक सहयोगी संस्थाको रूपमा कैलाली जिल्ला तथा सुदूरपश्चिम प्रदेशमा आफ्नो अलग्गै पहिचान बनाएको संस्थाको रूपमा स्थापित हुने ।

### ४.२ लक्ष्य

स्थानीय जनताको मानवअधिकार तथा खाद्य सुरक्षा प्राप्तिमा टेवा पु¥याउने ।

### ४.३ उद्धेश्यहरू

क) संस्थाको क्षमता विकास गरी 'रूपान्तरणको सिद्धान्त (थ्योरी अफ चेन्ज)' मा आधारित बहुपक्षीय विकासका लागि स्थानीय जनतासँग सहकार्य गर्ने सोच, शैली र प्रणालीमा विकास गर्ने एवम् सिबिओको कार्यक्षेत्र बढाउँदै जाने ।

ख) स्थानीय जनता, खासगरी बिपन्न किसान वर्ग, को हित र उन्नतिका लागि ज्ञान, प्रविधि, सीप र बजारीकरणको विकास गरी खाद्यसुरक्षा तथा आयवृद्धि गर्ने कार्यमा सघाउने ।

ग) महिला, ज्येष्ठ नागरिक तथा बालबालिकाकेन्द्रित विशेष कार्यक्रमहरू सञ्चालन गरी सामाजिक विकासमा टेवा पु¥याउने ।

घ) गरिबी, उत्पीडन तथा विविध कारणबाट पछाडि परेको वर्ग, आदिवासी जनजातिमा केन्द्रित विशेष कार्यक्रमहरू चलाई केही नमूना विकास (मोडेल) कार्यक्रम सञ्चालन गर्ने ।

ङ) शिक्षा, युवा रोजगारी, प्राकृतिक तथा सांस्कृतिक सम्पदा संरक्षणप्रधान विशेष क्रियाकलापहरू सञ्चालन गरी 'समुन्नत समाज, उज्ज्वल भविष्य' निर्माण गर्ने संघ, प्रदेश तथा स्थानीय सरकारका सोचहरूलाई सार्थक पार्न सक्रिय गैससको रूपमा सघाउने ।

च) विपद् व्यवस्थापन, जलवायु परिवर्तन आदिसँग जुध्ने कार्यमा स्थानीय सचेतना अभिवृद्धि गरी तिनको एकीकृत तथा दिगो अनुकूलनका लागि तयार हुन सघाउने ।

छ) स्थानीय स्तरमा गठित समूह र समितिहरूलाई दिगोरूपमा सञ्चालन गर्नका लागि नियमित सहजीकरण, तालिम प्रदान, अध्ययन भ्रमण आयोजना, नीतिनियम निर्माण, सहकारीमा आबद्धता अभिवृद्धिजस्ता कार्यमा सहयोग पु¥याउने ।

### ४.४ मूल रणनीतिहरू

यस रणनीतिक योजनाको सही कार्यान्वयनका लागि निम्न रणनीतिहरू अवलम्बन गरिने छ :

क) स्थानीय स्तरमा विभिन्न समूह (सिबिओहरू) र सहकारीहरूमा जम्मा भएका रकम (बचत) को उत्पादनमूलक कार्य तथा दीर्घकालीन प्रभाव पार्ने क्रियाकलापहरूमा लगानी गर्नका लागि बचतकर्ताहरूलाई उत्प्रेरित गर्दै बढी लाभदायक उद्यमका सम्भावना देखाउने र तिनको कार्यान्वयनका लागि सहजीकरण गर्ने, क्षमता बढाउने र वाह्य सम्पर्क बढाइदिने कार्यमा जोड दिइने छ । साथै, अधिकांश समुदायमुखी विकास कार्यक्रमहरू सहकारीका माध्यमबाटै सञ्चालन गर्ने रणनीति पनि लिइने छ ।

ख) मानवअधिकारमा आधारित तथा जनवकालती भूमिकामा सघाउने विकासमूलक कार्यमा बढी जोड दिइने छ ।

ग) स्थानीय सरकार (प्रदेश, नगर तथा गाउँपालिका) सँगको सहकार्य, समन्वय तथा सम्बन्ध विस्तारमा जोड दिइने छ ।

घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूसँग साझेदारी गर्दै ती संस्थाहरूले खासगरी संस्थागत क्षमता अभिवृद्धिमा जोड दिनुपर्ने कुरामा वकालती (पैरवीमूलक) भूमिका समेत निभाइने छ। सिबिओका कार्यक्रमहरू 'परिवर्तनको सिद्धान्त'मा आधारित बनाउनमा र दिगो विकास लक्ष्य (एसडीजी) उन्मुख बनाउनेतर्फ पनि ती संस्थाहरूको सहयोग लिइने छ।

ङ) योजना निर्माण, कार्यान्वयन तथा अनुगमन एवम् मूल्याङ्कनमा स्थानीय समुदायको क्रियाशील सहभागितामा जोड दिइने छ। साथै, सञ्जालीकरण गर्न सकारात्मक सोच पद्धति अभिवृद्धिमा पनि सिबिओले जोड दिनेछ।

च) एउटा समुदायमा १० देखि १५ वर्ष काम गरिसकेपछि ती संस्थालाई क्रमशः क्षमता र दायित्व हस्तान्तरण गरी नयाँ (विपन्न तथा सीमान्तकृतमैत्री) क्षेत्रमा काम गर्न जाने रणनीति सिबिओ विकास केन्द्रले अख्तियार गर्ने छ।

छ) स्थानीय ज्ञान, प्रविधि, स्रोत आदिको संरक्षण एवम् सम्वर्द्धन र दिगो उपयोगमा जोड दिइने छ।

ज) संस्थाको मूल मूल्य र मान्यताका रुपमा रहेका सुशासन, पारदर्शिता, जवाफदेहिता, जनसहभागिता, समावेशिता, लोकतान्त्रिक अभ्यासजस्ता कुरालाई थप अवलम्बन र प्रवर्द्धन गरिनेछ।

## ४.५ कार्यक्रमका मूल विषय र क्षेत्रहरू

संस्थाले डडेलधुरामा आयोजना गरेको योजना तर्जुमा कार्यशाला गोष्ठीले औंल्याएका र विगतका अनुभवका आधारमा आउँदो ५ वर्षका लागि निम्न कार्यक्रम (थिम) हरूको डिजाइन गरिएको छ।

१. संस्थागत विकास तथा सञ्जाल
२. कृषि (खाद्य-सुरक्षा अभिवृद्धि) तथा आर्थिक विकास
३. युवा सहभागिता तथा रोजगारी अभिवृद्धि
४. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सशक्तिकरण
५. पोषण, स्वास्थ्य तथा सरसफाइ
६. वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन




हरेक विषयगत क्षेत्रका लागि विशिष्ट क्रियाकलापहरू पनि डिजाइन गरिएको छ। जसको प्रस्तुति तलको तालिकामा गरिएको छ।

सिबिओ विकास केन्द्रको **रणनीतिक थिम र क्रसकटिङ कार्यनीतिक सवालहरूको समायोजन** (चित्रमा) (प्रस्तुति : ज्ञानु तिवारी)

<table>
<tr><td rowspan="2">रणनीतिक थिम</td><td colspan="6">लक्ष्य : स्थानीय जनताको मानवअधिकार तथा खाद्य सुरक्षा प्राप्तिमा टेवा पुऱ्याउने</td></tr>
<tr><td>संस्थागत विकास तथा सञ्जाल</td><td>कृषि (खाद्य - सुरक्षा) तथा आर्थिक विकास</td><td>युवा सहभागिता तथा रोजगारी</td><td>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सशक्तिकरण</td><td>पोषण, स्वास्थ्य तथा सरसफाइ</td><td>वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन</td></tr>
<tr><td rowspan="3">क्रस कटिङ थिम</td><td colspan="6">लैङ्गिक समता तथा सामाजिक समावेशीकरणमा जोड</td></tr>
<tr><td colspan="6">शारीरिक तथा मानसिक रूपमा अशक्तहरूको क्षमतामा जोड</td></tr>
<tr><td colspan="6">जवाफदेहिता, सुशासन र पारदर्शिता</td></tr>
</table>

## ४.६ अपेक्षित उपलब्धिहरू

क) सिबिओडीसीमा आबद्ध स्थानीय सिबिओको संख्या, गुणस्तर र क्षमतामा बढोत्तरी ।

ख) सिबिओडीसीको आफ्नै भवन तथा क्षमतावान कार्यसमिति तथा कर्मचारी ।

ग) जिल्ला तथा प्रदेशमा सिबिओडीसीको विशेष पहिचान ।

घ) स्थानीय समुदायका हरेक घरपरिवारको आयवृद्धि तथा खाद्यसुरक्षामा पनि वृद्धि ।

ङ) महिला, बालबालिका, युवा तथा ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा र क्षमता विकास एवम् आत्मविश्वास अभिवृद्धि ।

च) पोषण, स्वास्थ्य तथा शारीरिक सरसफाइमा वृद्धि ।

छ) प्राकृतिक विपत्ति र जोखिमहरूसँग जुध्ने क्षमता विकास, हरियाली वृद्धि तथा जलवायु परिवर्तनका कारकतत्वको न्यूनीकरणमा स्थानीय सकारात्मक प्रयासको दृष्टान्त ।

## ४.७ योजना अवधिका लागि कार्यक्रम र बजेट प्रक्षेपणको विस्तृत प्रस्तुति

तालिका : ५ वर्षका लागि तय गरिएका मूल कार्यक्रम तथा क्रियाकलापहरू र अनुमानित बजेट (सन् २०१९-२०२२)

| क्रम | कार्यक्रम तथा क्रियाकलापहरू | स्थान | कार्यान्वयन गरिने आर्थिक वर्ष | | | | | अनुमानित बजेट रकम | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सन् २०१९ | सन् २०२० | सन् २०२१ | सन् २०२२ | सन् २०२३ | | |
| **१** | **संस्थागत विकास तथा सञ्जाल** | | | | | | | ४,८००,०००।०० | |
| १.१ | सहकारी, सिबिओ गठन र क्षमता विकास | | ✓ | ✓ | | | | ५००,०००।०० | |
| १.२ | नेतृत्व विकास र संस्था व्यवस्थापन तालिमहरू सञ्चालन | | ✓ | ✓ | ✓ | | | १५०,०००।०० | |
| | श्रोत संकलन गरी संस्थाको भवन बनाउन | | | | ✓ | ✓ | ✓ | २,०००,०००।०० | |
| | महिला नेतृहरूलाई उद्घोषण तालिम र परिचालन | | ✓ | ✓ | | | | १००,०००।०० | |
| | संस्थागत क्षमता वृद्धिका लागि सामग्री र प्रविधिको सहयोग | | ✓ | ✓ | ✓ | ✓ | | ३००,०००।०० | |
| | सिबिओ एवम् सहकारीहरूको नीति, विनियमावली र कार्ययोजना पुनरावलोकन तथा परिमार्जन गर्न सहजीकरण | | ✓ | ✓ | | | | ५०,०००।०० | |
| | बालक्लब पुनर्गठन तथा परिचालन | | ✓ | ✓ | | | | १००,०००।०० | |
| | समूह, सिबिओ, उपभोक्ता समूहलाई प्रजातान्त्रिक अभ्यास र प्रभावकारी बैठक सञ्चालन सीप विकास तालिम र सहयोग | | ✓ | ✓ | ✓ | | | ५०,०००।०० | |
| | सिबिओ विकास केन्द्रमा पुस्तकालय र तालिम केन्द्रको विकास गर्दै सामुदायिक श्रोत केन्द्रको विस्तार | | | | ✓ | ✓ | ✓ | १,०००,०००।०० | |
| | समूह सभा, सिबिओ सभा, लेखा परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक लेखापरीक्षण नियमित गर्न सहजीकरण र सहयोग | | ✓ | ✓ | | | | ५०,०००।०० | |
| | कर्मचारी तथा कार्यसमितिका पदाधिकारीहरूको क्षमता तथा परियोजना विकास र व्यवस्थापनसम्बन्धी तालिम | | ✓ | ✓ | ✓ | | | ५००,०००।०० | |
| **२** | **कृषि (खाद्य सुरक्षा अभिवृद्धि) तथा आर्थिक विकास** | | | | | | | ८,८५०,०००।०० | |
| | व्यावसायिक तरकारी खेती तालिम र नयाँ प्रविधिको ज्ञान सीप, उपकरण र उन्नत बीउ | | ✓ | ✓ | | | | १,०००,०००।०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सहयोग | | | | | | | | |
| | सुधारिएको अन्नबाली तालिम र सहयोग | | ✓ | ✓ | ✓ | | | ५००,०००।०० | |
| | कृषिमा आधारित उद्यमशीलता र सहयोग | | ✓ | ✓ | ✓ | | | १,०००,०००।०० | |
| | व्यावसायिक पशुपालन तालिम र सहयोग (बाखा, बंगुर, कुखुरापालन, खरायो, भैँसी, गाई आदि) | | ✓ | ✓ | ✓ | | | १,०००,०००।०० | |
| | सामुदायिक सिँचाइ सहयोग र संरक्षण (प्लाष्टिक पोखरी, कुलो नहर, बोरिङ, सोलार पम्प, विद्युतीय मोटर पम्प) | | | ✓ | ✓ | | | २,०००,०००।०० | |
| | कृषि बजारीकरणका लागि संयन्त्र तथा क्षमता विकास एवम् समन्वय सुदृढीकरण | | | ✓ | ✓ | ✓ | ✓ | २००,०००।०० | |
| | सफल नमूना कृषकलाइ सम्मान हौसला र पुरस्कार | | ✓ | ✓ | ✓ | ✓ | ✓ | १५०,०००।०० | |
| | नयाँ जातको फलफूल खेती र सहयोग (ड्र्यागन फ्रुट, एप्पल बेयर, किवी, सुन्तला, अनार, लिची, कागती, मेवा आदि) | | ✓ | ✓ | ✓ | | | ३००,०००।०० | |
| | अगुवा कृषक तथा एलआरपी (लोकल रिसोर्स पर्सन) तालिम र परिचालन, सञ्जाल निर्माण सहयोग | | ✓ | ✓ | ✓ | ✓ | ✓ | २००,०००।०० | |
| | बीउ उत्पादन, संरक्षण, बिक्री वितरणमा सहकारीलाइ सहयोग र बीउबैङ्क स्थापना | | ✓ | ✓ | ✓ | | | १,५००,०००।०० | |
| | मूल्यश्रृङ्खला (भ्यालु चेन) मा आधारित व्यवसायमा तालिम र सहयोग | | ✓ | ✓ | ✓ | ✓ | ✓ | ३००,०००।०० | |
| | गोठसुधार र कम्पोस्ट मल व्यवस्थापन तालिम तथा सहयोग | | ✓ | ✓ | ✓ | | | १५०,०००।०० | |
| | प्राङ्गारिक (अर्गानिक) तरकारी खेती तालिम र बजारीकरणमा सहयोग | | ✓ | ✓ | | | | २००,०००।०० | |
| | विषादीसम्बन्धी ज्ञान, सीप दिई बायोपेष्ट बनाउने र प्रयोग गर्ने (तालिम र अन्तर्क्रिया) | | ✓ | ✓ | | | | ५०,०००।०० | |
| | नमूना क्षेत्रमा कृषकहरूलाई अध्ययन अवलोकन भ्रमण आयोजना | | ✓ | ✓ | ✓ | | | ३००,०००।०० | |
| ३ | **युवा सहभागिता तथा रोजगारि अभिबृद्धि** | | | | | | | २,७५०,०००।०० | |
| | सम्बन्धित पालिकासँग समन्वय गरी बेरोजगार युवाहरूको अभिलेख राख्ने कार्यमा सहयोग | | ✓ | ✓ | | | | ३००,०००।०० | |
| | युवाहरूको हकहित र अधिकारको बारेमा सचेतना कार्यक्रम | | ✓ | ✓ | | | | १००,०००।०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालन | | | | | | | | |
| | युवामैत्री व्यावसायिक तरकारी खेतीको तालिम र सहयोग | | ✓ | ✓ | ✓ | ✓ | | ३००,०००।०० | |
| | स्थानीय स्रोतमा आधारित र समुदायले रुचाएका उद्यम विकासका लागि सीपमूलक तालिम तथा सहयोग | | ✓ | ✓ | ✓ | ✓ | | ५००,०००।०० | |
| | युवाहरूलाई सम्बन्धित निकायसँग सम्पर्क एवम् समन्वय, छलफल | | ✓ | ✓ | ✓ | ✓ | ✓ | ५०,०००।०० | |
| | मूल्यश्रृङ्खलामा आधारित युवामैत्री व्यवसायको खोजी, तालिम र सहयोग | | ✓ | ✓ | | | | १००,०००।०० | |
| | स्थानीय स्तरमा उत्पादित उपज तथा सामग्रीहरूको ब्रान्डिङ, प्याकेजिङ, प्रवर्द्धन तथा बजारीकरणमा सहयोग | | | ✓ | ✓ | ✓ | ✓ | २००,०००।०० | |
| | मौरीपालन गर्ने युवाका लागि सीप विकास तालिम तथा सहयोग | | ✓ | ✓ | ✓ | | | २००,०००।०० | |
| | व्यवसाय सुरुवातको लागि स्थानीय सहकारीहरूसँग सम्वन्वय गरी घुम्तीकोष सहयोग, परिचालन, तथा सरकारी अनुदानप्राप्तिका लागि सहजीकरण | | ✓ | ✓ | ✓ | ✓ | ✓ | १,०००,०००।०० | |
| **४** | **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सशक्तिकरण** | | | | | | | ४,१५०,०००।०० | |
| | महिलामैत्री सीपमूलक तालिम र व्यवसाय सञ्चालनमा सहयोग | | ✓ | ✓ | ✓ | ✓ | | २००,०००।०० | |
| | हिंसापीडित महिलाहरूलाई सहयोग | | ✓ | ✓ | | | | १००,०००।०० | |
| | सरोकारवाला निकायसँग हिंसापीडित महिलाबीच अन्तर्क्रियात्मक बैठक | | ✓ | ✓ | | | | ५०,०००।०० | |
| | बालबालिकाहरूको लागि बालमैत्री अध्ययनशाला निर्माणमा छलफल र सहयोग | | ✓ | ✓ | | | | २,०००,०००।०० | |
| | आर्थिक स्थिति कमजोर भएका बालबालिकाहरूको लागि छात्रवृत्ति वितरण | | ✓ | ✓ | ✓ | ✓ | | ५००,०००।०० | |
| | विपन्न ज्येष्ठ नागरिक र बालबालिकाहरूलाई शीतलहरमा न्यानो कपडा वितरण | | ✓ | ✓ | ✓ | ✓ | | ५००,०००।०० | |
| | ज्येष्ठ नागरिकका लागि सुख, दु:ख हकहित अधिकारबारे सूचना केन्द्रको स्थापना | | ✓ | ✓ | | | | ४००,०००।०० | |
| | ज्येष्ठ नागरिकको परिचयपत्रको प्राप्तिको लागि सहयोग | | ✓ | ✓ | | | | १००,०००।०० | |
| | ज्येष्ठ नागरिकहरूले भत्ता पाए | | ✓ | ✓ | ✓ | ✓ | ✓ | ५०,०००।०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नपाएको निगरानी र प्राप्तिमा सहजीकरण | | | | | | | | |
| | महिला नेतृत्व विकास तालिम | | ✓ | ✓ | ✓ | | | १५०,०००।०० | |
| | अन्तर्राष्ट्रिय नारी दिवस र अन्य नारीप्रधान संस्कृतिका लागि सहयोग | | ✓ | ✓ | ✓ | ✓ | ✓ | १००,०००।०० | |
| | बेसहारा र सन्तानविहीन ज्येष्ठ नागरिकलाई आश्रम तथा उपचारका लागि पहल र समन्वय | | ✓ | ✓ | ✓ | ✓ | | | |
| ५ | **पोषण, स्वास्थ्य तथा सरसफाइ** | | | | | | | २,८००,०००।०० | |
| | पोषण, स्वास्थ्य र सरसफाइ, विषयमा जनचेतना जगाउने | | ✓ | ✓ | | | | ५०,०००।०० | |
| | 'एक घर एक सुधारिएको चर्पी'को व्यवस्था (अपाङ्ग, ज्येष्ठ नागरिकमैत्री) | | ✓ | ✓ | | | | १००,०००।०० | |
| | सबै अवस्थाका व्यक्तिहरूको लागि पोषणको लागि करेसाबारी सहयोग | | ✓ | ✓ | ✓ | ✓ | | १००,०००।०० | |
| | पालिकासँग समन्वय गरी सामुदायिक स्वास्थ्य केन्द्रको निर्माण | | ✓ | ✓ | | | | १,५००,०००।०० | |
| | खानेपानी ट्याङ्कीको निर्माण | | ✓ | ✓ | | | | १,०००,०००।०० | |
| | पानी शुद्धीकरण गर्ने तरिकाको जानकारी गराउने | | ✓ | ✓ | | | | ५०,०००।०० | |
| ६ | **वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन** | | | | | | | ४,३००,०००।०० | |
| | मोहोन्याल क्षेत्रमा Solar Water Lifting गरी खानेपानी तथा सिंचाइ निर्माण | | ✓ | ✓ | ✓ | | | १,५००,०००।०० | |
| | कार्यक्रम सञ्चालित ठाउँमा विपद्बाट बच्ने उपाय तथा रोकथामसम्बन्धी जनचेतनामूलक तालिमहरू सञ्चालन | | ✓ | ✓ | | | | ३००,०००।०० | |
| | वडास्तरीय विपद् उद्धार कोष बनाउनमा सहजीकरण र सहयोग | | ✓ | ✓ | | | | ५००,०००।०० | |
| | सुधारिएको चुलो निर्माणमा सहजीकरण र आंशिक सहयोग | | ✓ | ✓ | | | | २००,०००।०० | |
| | खाली भूभाग, पहिरो क्षेत्र तथा मुहानवरिपरि बृक्षरोपणसम्बन्धी कार्य | | ✓ | ✓ | ✓ | | | ५०,०००।०० | |
| | घरबगैंचा तालिम र आंशिक वस्तुगत सहयोग | | ✓ | ✓ | | | | २००,०००।०० | |
| | बायोइन्जिनियरिङ तटबन्धनमा सहजीकरण र सहयोग | | ✓ | ✓ | ✓ | ✓ | | ५००,०००।०० | |
| | विपद्को उच्च जोखिममा रहेका परिवार तथा समुदायलाई | | ✓ | ✓ | ✓ | ✓ | | १००,०००।०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सहयोग | | | | | | | | |
| | भू:क्षय नियन्त्रणको लागि बाँस, बाबियो, नेपियर, अम्रिसो लगाउन सहजीकरण | | ✓ | ✓ | ✓ | | | ५०,०००।०० | |
| | CAV Plan बनाउन सहजीकरण र सहयोग | | ✓ | ✓ | ✓ | | | २००,०००।०० | |
| | नमुनाको रूपमा विपद्पीडित उद्धार (शिविर) सेल्टरको निर्माणमा सहजीकरण | | ✓ | ✓ | ✓ | ✓ | ✓ | ५००,०००।०० | |
| | मुहानवरिपरि पानी संचित गर्ने बोटबिरुवाहरू लगाउन सहजीकरण | | ✓ | ✓ | ✓ | | | २००,०००।०० | |
| | **कुल रकम रु.** | | | | | | | २७,६५०,०००।०० | |

**(५ वर्षका लागि कुल अनुमानित रकम रु. २७,६५०,०००।००)**
**(जम्मा दुई करोड ७६ लाख ५० हजार रुपैयाँ)**

## ४.८ प्रगति मापनका परिमाणात्मक मूल सूचकहरू

**१) संस्थागत तथा सञ्जाल विकासका मूल सूचकहरू**

- स्थानीय १० वटा सहकारीको कम्तीमा कुल पुँजी रु. १० करोड भएको हुनेछ ।
- कम्तीमा ५० जना समूह, सहकारी, सिबिओका सदस्यले सफल नेतृत्वको भूमिका निभाउने छन् ।
- सिबिओको आफ्नै ६ कोठे भवन हुनेछ ।
- कम्तीमा २० जना महिलाले उद्घोषण तालिमपश्चात् कार्यक्रमहरू सञ्चालन गर्नेछन् ।
- कम्तीमा ५ वटा सहकारी, सिबिओको क्षमता अध्ययनका आधारमा व्यवस्थापन सामग्रीहरू सहयोग भएको हुनेछ ।
- कम्तीमा ५ वटा सहकारी, ५ वटा सिबिओ र सिबिओडीसीको प्रचलित नियमअनुसार नियमित साधारणसभा, लेखापरीक्षण, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण भएको हुनेछ ।
- कम्तीमा ३ जना कार्यसमिति सदस्य एवम् कर्मचारीबाट उपर्युक्त कार्यमा स्रोतव्यक्तिको रूपमा परिचालित भएका हुनेछन् ।

**२) कृषि (खाद्य-सुरक्षा) तथा आर्थिक विकासका मूल सूचकहरू**

- कम्तीमा ८ सहकारीबाट ५ जनाका दरले (कुल ४० जना) तरकारी अगुवा कृषकहरूले तरकारी खेती गरेरै प्रतिव्यक्ति वार्षिक कम्तीमा रु. १ लाख आम्दानी गरेका हुनेछन् ।
- कार्यक्षेत्रमा खाद्यसुरक्षा भएका व्यक्तिको संख्या ४३ प्रतिशतबाट कम्तीमा ६० प्रतिशत भएको हुनेछ ।
- कम्तीमा १०० जना कृषिमा आधारित उद्यमीलाई तालिम र सहयोग दिई ५० जना उद्यमशील भइसक्ने छन् ।
- सामुदायिक सिंचाइमा सहयोग र संरक्षण गरी कम्तीमा २०० घरधुरीले लाभ उठाएक हुनेछन् ।
- कम्तीमा ५० जना कृषकको क्षमता विकास गरी बजारसँग समन्वय र बजारीकरण प्रवर्द्धन भएको हुनेछ ।
- कार्यक्षेत्रका किसानमध्ये कम्तीमा ५ जना उत्कृष्ट कृषक विभिन्न संघसंस्थाबाट सम्मानित भएका हुनेछन् ।
- कम्तीमा १०० जना कृषकहरूको गोठसुधार तथा कम्पोस्ट मल प्रयोग गर्ने पद्धति सुधार भएको हुनेछ ।

**३) युवा सहभागिता तथा स्वरोजगारका मूल सूचकहरू**

- विभिन्न किसिमका प्राविधिक तथा सीपमूलक तालिम लिएर कम्तीमा १०० जना युवाहरू स्वरोजगार भएका हुनेछन् ।
- कम्तीमा १० जना युवाहरू आफ्नो नेतृत्व क्षमता विकास गरी समुदायमा नेतृत्व गरिरहेका हुनेछन् ।

**४) महिला,बालबालिका र जेष्ठ नागरिक सशक्तिकरणका मूल सूचकहरू**

- महिला हिंसासम्बन्धी तालिमपश्चात् कार्यक्षेत्रमा महिला हिंसा र उत्पीडन तुलनात्मकरूपमा घटेको हुनेछ ।
- कार्यक्षेत्रका कम्तीमा ९५% जेष्ठ नागरिकहरूको परिचयपत्र, वृद्धभत्ता प्राप्तिजस्ता कुराहरूको निगरानी भएको हुनेछ ।
- महिला नेतृत्व तालिमपश्चात् समूहका कम्तीमा ३०% महिलाले समुदायमा नेतृत्व वहन गरेका हुनेछन् ।

**५) पोषण स्वास्थ्य र सरसफाइका मूल सूचकहरू**

- कम्तीमा २०० घरधुरीमा जुठेल्नो र फोहोर फाल्ने खाडल बनाएका हुनेछन् ।
- कम्तीमा २०० घरमा घरवगैंचा (होमस्टेड गार्डेन) बनाई बाह्रै महिना हरियो तरकारी र सिजनल फलफूल उपभोग गरेका हुनेछन् ।
- कम्तीमा १,००० सदस्यले पोषिलो खाना खाने अभ्यास गरेका हुनेछन् ।
- कार्यक्षेत्रमा महिला स्वास्थ्य तथा बालपोषणको अवस्था सुदृढ भई उपचारार्थ अस्पताल धाउनेको संख्या पहिला भन्दा कम भएको हुनेछ ।

**६) वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु अनुकूलनका लागि मूल सूचकहरू**

- विशेष परियोजनाको रूपमा साविकको मोहन्याल गा.वि.स.भित्र १ वटा सोलार वाटर लिफ्टिङ सहयोग गरी २० घरधुरीलाई खानेपानी र सिंचाइ सुविधा पुगेको हुने ।
- सिबिओ विकास केन्द्रमा आबद्ध सबै ५०० सदस्यहरूले विपद्बाट बच्ने उपाय अभ्यास गरेका हुनेछन् ।
- कम्तीमा १०० जना सदस्यहरूले सुधारिएको चुलो बनाएर प्रयोग गरेका हुनेछन् ।
- कम्तीमा २ ठाउँमा नमूनाको रूपमा बृहत् क्षेत्रमा वृक्षरोपण भएको हुनेछ ।
- कम्तीमा २ वटा गाउँमा CAV Plan बनेर कार्यान्वयन भएको हुनेछ ।
- कम्तीमा एक गाउँ 'नमूना जलवायु अनुकूलन गाउँ' बनेको हुनेछ ।
- कम्तीमा २ ठाउँमा नमूनाको रूपमा विपद्पीडित उद्धार सेल्टर निर्माणमा सहजीकरण भएको हुनेछ ।
- कम्तीमा ५ ठाउँमा वडास्तरीय उद्धारकोष बनाउनमा सहयोग पुगेको हुनेछ ।
- कम्तीमा ८ वटा सहकारीमा ४० जना व्यक्ति खोज तथा उद्धार सामग्रीसहित तालिम प्राप्त भएका हुनेछन् ।

## ४.९ बजेटको स्रोत र प्रक्षेपण

यो ५ वर्षे रणनीतिक योजना बनाउँदा स्रोतमा आधारित (रिसोर्स-बेस्ड) नभै मैजुदा अनुभव र क्षमताका आधार (पोटेन्सियल-बेस्ड) मा 'सम्भावनाको खोजी गर्ने' हेतुले तयार गरिएको कुरा पुनः दोहोऱ्याउनु पर्छ । किनकि सिबिओडीसी स्थानीय जनपरिचालन, कार्यसमितिका सदस्य परिचालन, परियोजनाले नियुक्त गर्ने कर्मचारी परिचालन आदिका आधारमा आफ्नो क्षमता प्रदर्शन गर्ने नेटवर्क संस्था हो । अतः यहाँ कार्यक्रम तथा क्रियाकलाप डिजाइन गर्दा पनि मूलरूपमा निम्न ३ पक्षलाई मूल आधार बनाइएको छ : **विगतको अनुभव, वर्तमानको क्षमता, र खर्च गर्न सक्ने प्रवृत्ति र प्रक्षेपण ।**

**बजेट अनुपात**

यी माथिका तत्व र आधारहरूलाई विचार गर्दै तयार पारिएको यस रणनीतिक योजनाले मोटामोटीरूपमा निम्नानुसारको बजेट अनुपात (म्याचिङ) अपेक्षा राख्दछ :

| | योगदान (साझेदारी) का प्रकार | कुल बजेटमा योदान अनुपात | कैफियत |
|---|---|---|---|
| १ | स्थानीय समूह र सहकारीको योगदान | १० प्रतिशत | जनश्रमदानसमेत |
| २ | सिबिओडीसीका पदाधिकारीको स्वयम्सेवा | १० प्रतिशत | कार्यसमिति स्वयम्सेवा |
| ३ | स्थानीय तहका सरकारसँग अपेक्षित सहकार्य | २० प्रतिशत | म्याचिङ फन्डको रूपमा |
| ४ | अन्तर्राष्ट्रिय गैसस वा दातृ निकायहरूबाट अपेक्षित रकम | ६० प्रतिशत | कार्यक्रम सञ्चालनको मूल आधार |
| | **जम्मा** | **१०० प्रतिशत** | |

**बजेट प्रक्षेपण**

यस रणनीतिक योजनामा हरेक क्रियाकलापका लागि बजेट राखिएको छैन । तर अपेक्षित आउटपुट निकाल्नका लागि विगतको अनुभव र भविष्यमा विकास हुँदै जाने क्षमतासमेत आकलन गरी निम्नानुसारको बजेट रूपरेखा तयार पारिएको छ । यसलाई अनुभवका आधारमा वार्षिकरूपमा संशोधन र परिमार्जन गर्दै जानेछौं । तलको तालिकाले हाम्रो विगतको क्षमता र भविष्यको **बजेटरी अपेक्षा** दर्शाएको छ :

| | बजेट र खर्च गर्ने प्रवृत्तिको विश्लेषण | खर्च भएको रु. | कैफियत |
|---|---|---|---|
| क) | **फर्केर हेर्दा (३ वर्षको अन्तराल)** | | |
| | सन् २००८ | ४४,१४,०४७. | |
| | सन् २०११ | ७२,८८,२८६. | |
| | सन् २०१४ | १,१५,९६,९१६. | |
| | सन् २०१७ | ४३,६३, ४६६. | |
| ख) | **आउँदो ५ वर्षको लागि बजेट (क्षमता) प्रक्षेपण** | | **आधार** |
| | सन् २०१९ | ४१,४७,५००. | कुल बजेटको १५ प्रतिशत पहिलो वर्ष |
| | सन् २०२० | ६९,१२,५००. | कुल बजेटको २५ प्रतिशत दोस्रो वर्ष |
| | सन् २०२१ | ६९,१२,५००. | कुल बजेटको २५ प्रतिशत तेस्रो वर्ष |
| | सन् २०२२ | ५५,३०,०००. | कुल बजेटको २० प्रतिशत चौथो वर्ष |
| | सन् २०२३ | ४१,४७,५००. | कुल बजेटको १५ प्रतिशत पाँचौं वर्ष |
| | **५ वर्षको लागि कुल अपेक्षित/प्रक्षेपित बजेट रकम रु.** | **२,७६,५०,०००.** | |

## ४.१० सहयोग गर्ने सम्भावित संस्थाहरू

परिच्छेद ३ मा हामीले सिबिओ विकास केन्द्रलाई विगतदेखि हालसम्म सहयोग गर्ने वा यस केन्द्रसँग साझेदारी गर्ने विभिन्न संघसंस्थाहरूको सूची प्रस्तुत गरेका थियौं ।

ती संघसंस्थाहरूका अतिरिक्त आउँदा दिनमा निम्न संस्थाहरूसँग पनि सहकार्य र साझेदारिता बढाउने प्रस्ताव गरिएको छ :


- प्रदेश सरकार
- गाउँपालिका र नगरपालिकाहरू
- नेफ्स्कुन
- सहकारी संघ
- नेपाल राष्ट्र बैङ्क
- आरएमडीसी (RMDC)
- युवा स्वरोजगार कोष
- नेपाल सहभागीमूलक कार्य समूह ( नेपान)
- सामुदायिक वन उपभोक्ता महासंघ
- राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ
- राष्ट्रपति चुरे संरक्षण कार्यक्रम
- गरिबी निवारण कोष
- विकास कोष नर्वे
- पानी परियोजना
- विभिन्न अर्न्तराष्ट्रिय दातृ निकाय, आदि ।

## ४.११ सिबिओ विकास केन्द्रको नयाँ सांगठनिक ढाँचा

यो ५ वर्षे रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि सिबिओ विकास केन्द्रको वर्तमान संरचनामा केही परिवर्तन गरी नयाँ ढाँचा प्रस्ताव गरिएको छ ।

यसमा खासगरी नयाँ योजनाले निर्दिस्ट गरेका ६ वटा विषयक्षेत्र (थिम) समेट्ने गरी विभागीय स्वरूपको सोच ल्याइएको छ। साथै कार्यसमितिका पदाधिकारीहरूलाई पनि सम्बन्धित विषयवस्तुमा दक्षता अभिवृद्धि होस् भन्ने उद्धेश्यले कम्तीमा एउटा विषयक्षेत्रको फोकलव्यक्ति बनाई जिम्मेवारी प्रदान गर्ने प्रस्ताव गरिएको छ।

**प्रस्तावित ढाँचा यसप्रकार छ :**



# परिच्छेद ५
## योजना मूल्याङ्कनको फ्रेमवर्क र समय-सीमा

सिबिओको यस रणनीतिक योजनाको कार्यान्वयन प्रक्रिया प्रभावकारी पार्नका लागि समय-समयमा अनुगमन तथा मूल्याङ्कन गरिने छ। अनुगमन खासगरी आन्तरिक हिसाबले हुनेछ भने मूल्याङ्कन गर्दा वाह्य मूल्याङ्कनसमेत गराइने छ। अनुगमन तथा मूल्याङ्कनको फ्रेमवर्क तथा कार्यतालिका यसप्रकार हुनेछ :

**तालिका : सिबिओको रणनीतिक योजनाको अनुगमन तथा मूल्याङ्कनको फ्रेमवर्क तथा कार्यतालिका**

| अनुगमन तथा मूल्याङ्कनको प्रकार र नाम | कहिले गर्ने ? | कसले गर्ने ? | कैफियत |
|---|---|---|---|
| रणनीतिक योजनाको वार्षिक अनुगमन | २०१९ डिसेम्बर, २०२० डिसेम्बर, २०२१ डिसेम्बर, २०२२ डिसेम्बर। | सिबिओ कार्यसमितिका **२ जना पदाधिकारी र १ जना कार्यक्रम व्यवस्थापक रहेको एक अनुगमन समिति** २०१९ को जुलाई महिनाभित्रै गठन गरिने छ। | सोही समितिले वार्षिक अनुगमन गरी एउटा अनुगमन प्रतिवेदनसमेत तयार पारी कार्यसमितिसमक्ष प्रस्तुत गर्नेछ। सोही आधारमा कार्यान्वयन प्रक्रियालाई अझ सशक्त बनाइने छ। सिबिओको वार्षिक कार्यक्रम र बजेट तयार पार्दा अनुगमन समितिका सिफारिसलाई सम्बोधन गरिने छ। |
| रणनीतिक योजनाको मध्यावधि मूल्याङ्कन | २०२१ को जुलाई महिनामा | सिबिओका साझेदार संस्था (डोनर) लाई समेत अनुरोध गरी एकजना **वाहृय मूल्याङ्कनकर्ता आमन्त्रण गरी** रणनीतिक योजनाको मध्यावधि मूल्याङ्कन गराइने छ। | सो मूल्याङ्कनका आधारमा बाँकी रहेको साढे दुई वर्षमा के के कामकुरा र प्रक्रियाहरू सुधार र समायोजन गर्नुपर्ने हो, सोको सिफारिस हुनेछ र दोस्रो मध्यावधि समय (सन् २०२१ जुलाईदेखि सन् २०२३ डिसेम्बरसम्म) लाई थप चुस्त र प्रभावकारी बनाइने छ। |
| रणनीतिक योजनाको अन्तिम मूल्याङ्कन | २०२३ को नोभेम्बर-डिसेम्बर महिनामा | सिबिओका साझेदार संस्था (डोनर) लाई समेत अनुरोध गरी कम्तीमा २ जना विज्ञ रहेको स्वतन्त्र **वाहृय मूल्याङ्कनकर्ता टोली** नियुक्त गरी रणनीतिक योजनाको अन्तिम मूल्याङ्कन गराइने छ। | सो अन्तिम मूल्याङ्कनका आधारमा सिबिओको आउँदो ५ वर्षका लागि अर्थात् **सन् २०२४-२०२८ अवधिको लागि नयाँ (पाँचौं) रणनीतिक योजना** निर्माणको प्रारूप तयार हुनेछ। |

**प्रतिबद्धता :**

सिबिओ विकास केन्द्रले अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नमूनाका रूपमा सञ्चालन गरी रणनीतिक योजनालाई निरन्तर 'रोलिङप्लान'को रूपमा अघि बढाउने छ।
खासगरी मध्यावधि समीक्षात्मक मूल्याङ्कन र योजनाअवधिको अन्तिम मूल्याङ्कनले त्यो अवसर प्रदान गर्नेछन्। रोलिङप्लानको अवधारणाअनुसार अघिल्लो योजना अवधिमा पूरा हुन नसकेका महत्वपूर्ण सोच, योजना र कार्यक्रमलाई अगाडिका योजनामा पनि निरन्तरता दिइनेछ।
नयाँ योजनामा देश, काल, परिस्थितिसँग समायोजित भई नयाँ नयाँ कार्यक्रम तथा क्रियाकलापहरू पनि थपिँदै जान्छन्। जिल्ला तथा प्रदेश (खासगरी ७ नं. **सुदूरपश्चिम प्रदेश**) मा सिबिओडीसीले रणनीतिक योजना र रोलिङप्लानको सोचलाई उदाहरणीय रूपमा प्रस्तुत गर्नेछ।

•

# अनुसूचीहरू

## अनुसूची १ : सिबिओडीसीका १२ बर्षका प्रमुख सारथिहरू (२० जना)

(सहभागीमूलक ढंगबाट तयार पारिएको अभिलेख)

| क्र.स | नाम | महत्वपूर्ण योगदान |
|---|---|---|
| १ | **मानबहादुर चौधरी** | संस्थापक अध्यक्ष भई संस्था गठन र दर्ता प्रक्रियामा सहयोग |
| २ | **स्वदेशु चौधरी** | पूर्व अध्यक्ष, प्रारम्भिक अवस्थामा निःशुल्क र स्वयम्सेवी रूपमा संस्थागत विकासमा योगदान |
| ३ | **जगतबहादुर चौधरी** | पूर्व कोषाध्यक्ष, अध्यक्ष, संस्थाको जग्गा किन्नमा नेतृत्व लिई जग्गा जोडेको |
| ४ | **राधादेवी ओली** | विगतदेखि नै सक्रिय रही हाल संस्थाको अध्यक्ष पदमा सेवा प्रदान |
| ५ | **चन्की चौधरी** | विगतदेखि नै सक्रिय रही हाल संस्थाको उपाध्यक्ष पदमा सेवा प्रदान |
| ६ | **यदुलाल श्रेष्ठ** | संस्था गठन र क्षमता विकासमा महत्वपूर्ण योगदान |
| ७ | **योगी कायस्थ** | विकाष कोष नर्बेसँग जोड्न अतुलनीय योगदान |
| ८ | **राजन तिमिल्सिना** | विगतमा संस्था र पदाधिकारीहरूको क्षमता विकासमा योगदान |
| ९ | **रुक्माङ्गत पाठक** | विगतमा परियोजना विकास र क्षमता विकासमा योगदान |
| १० | **खेमानन्द पौडेल** | सिविओ स्थापना र संचालनमा समूह निर्माण र शसक्तिकरण्मा योगदान |
| ११ | **सुनिता भट्ट** | प्रारम्भिक अवस्थामा न्यून तलबमा संस्थाको लेखा व्यवस्थापनमा सहयोग |
| १२ | **गोपीलाल चौधरी** | सिविओ स्थापना र संचालनमा समूह निर्माण र शसक्तिकरण्मा योगदान |
| १३ | **सुमन लामिछाने** | कार्यक्रम सञ्चालनमा र सुलभ परियोजना विकासमा ठूलो सहयोग |
| १४ | **रूपनारायण चौधरी** | सचिव पदमा रही सुलभ परियोजना भित्रयाउनमा विशेष योगदान |
| १५ | **टीका चौधरी** | प्रारम्भिक अवस्थामा संस्थाको नीति-नियम बनाउनका लागि सहयोग गरेको |
| १६ | **शेरबहादुर बोगटी** | सिविओ स्थापना र संचालनमा समूह निर्माण र शसक्तिकरण्मा योगदान |
| १७ | **मानध्वज खत्री** | संस्थागत विकास र परियोजना विकासमा बढी योगदान |
| १८ | **मानबरु चौधरी** | संस्थापक सदस्य र हाल पनि विशेष भूमिका निभाइरहेको |
| १९ | **पेम ब. थापा** | सिविओ स्थापना र संचालनमा समूह निर्माण र शसक्तिकरण्मा योगदान |
| २० | **रीता आचार्य** | परियोजना कार्यान्वयन र आन्तरिक कोष वृद्धिमा विगतमा अमूल्य योगदान पुऱ्याएको |


## अनुसूची २ : रणनीतिक योजना निर्माण कार्यशालामा सहभागीहरूको विवरण

| क्र.स. | सहभागीहरूको नाम | पद | ठेगाना | मोबइल नम्बर |
|---|---|---|---|---|
| १. | चेतनाथ कणेल | विकासविज्ञ/ सहजकर्ता | स्वतन्त्र विकास परामर्शदाता, काठमाडौ | ९८४१४४८०९९ |
| २. | राधा ओली | अध्यक्ष | सिबिओ विकास केन्द्र | ९८४८४८३४८५ |
| ३. | ज्ञानुप्रसाद तिवारी | कार्यक्रम व्यवस्थापक | सिबिओ विकास केन्द्र | ९८५८४२६१३० |
| ४. | इन्दु शाह | लेखापाल | सिबिओ विकास केन्द्र | ९८४८९७४७८० |
| ५. | रूपनारायण चौधरी | सचिव | सिबिओ विकास केन्द्र | ९८६८२९७६९४ |
| ६. | मानबरु चौधरी | कोषाध्यक्ष | सिबिओ विकास केन्द्र | ९८१४६८३५४७ |
| ७. | चन्की चौधरी | उपाध्यक्ष | सिबिओ विकास केन्द्र | ९८११६५२३१७ |
| ८. | गुलाबी चौधरी | सदस्य | सिबिओ विकास केन्द्र | ९८२१६९०५४६ |
| ९. | पूजा चौधरी | सहकारी व्यवस्थापक | आदर्श कृषि सहकारी, साढेपानी | ९८६९४८४६७० |
| १०. | विनोद रावत | कृषि प्राविधिक (JTA ) | सिबिओ विकास केन्द्र | ९८६८५५६८५९ |
| ११. | हिरण चौधरी | सामाजिक परिचालक | सिबिओ विकास केन्द्र | ९८६९७११८०८ |
| १२. | देवबहादुर बाठामगर | सामाजिक परिचालक | सिबिओ विकास केन्द्र | ९८६८९४२८१३ |

स्रोत : सिबिओ विकास केन्द्रद्वारा २०७५ पुस ८ देखि ११ सम्म डडेलधुरामा आयोजित ४ दिने कार्यशाला गोष्ठीको हाजिरी पुस्तक ।

## अनुसूची ३ : सिबिओ विकास केन्द्रअन्तर्गतका विभिन्न सहकारी र समूहहरूको वर्तमान अवस्था

(रेखाचित्र संयोजन : ज्ञानुप्रसाद तिवारी)




## अनुसूची ४ : सिबिओ विकास केन्द्रका विगतका उपलब्धि र प्रभावबारेमा सहभागीले तयार पारेका केही केस स्टडी ( घटना अध्ययन)/सफलतामा आधारित लेख

### विपन्नवर्ग संगठित शक्तिको जालोमा !

सन १९९८ मा लुथरन विश्व फेडेसेरन (लुविफे) नेपालद्वारा सशक्तिकरण शिक्षा परियोजना कैलाली जिल्लाका साविक उर्मा, फूलबारी, गदरिया, चौमाला र श्रीपुर गाविसमा लागू भयो । जुनबेला समुदायका महिलाहरूको अवस्था अति नै नाजुक रहेको थियो । परियोजनाका कर्मचारी सर्भे गर्न जाँदा महिलाहरू भित्र लुक्न जाने, आफ्नो नाम पनि भन्न नसक्ने अवस्था थियो ।

दैनिक ६० रूपैयाँ आम्दानी नहुने २ हजार ७ सय २९ घरपरिवारलाई सदस्यको रूपमा लिएर १६८ समूहमा संगठित भए । त्यो बेला समूहमा बस्नका लागि श्रीमान तथा घरमूलीसँग बिन्ती गर्नुपर्ने र समूहमा ५ रूपैयाँ बचत गर्नुपर्ने नियमले त्यही सानो रकम पनि जोहो गर्न धौ धौ पर्ने अवस्था थियो । अझ समूहमा बस्नका लागि श्रीमानलाई खुसी पार्नुपर्ने त्यो कठिन अवस्थाको सम्झना गर्दा अहिले आफैं छक्क पर्ने गरेको सुनाउनुहुन्छ एकता समाज अन्तर्गत रहेको वेताल देउ महिला समूहकी सचिब राधा ओली ।

परियोजनाको निरन्तर छलफल कार्ययोजना निर्माण र सामूहिक कार्यले दिन प्रतिदिन समूह बलियो बन्दै आयो । समूहमा नियमित बचत गरी समूहमा लगानी गर्न थालियो जुन लगानीले सदस्यले सुलभ तरिकाले वार्षिक १२ प्रतिशत ऋणले बीउ तथा मल किन्न सहयोग भयो । यसरी सस्तो र सुलभ तरिकाले समयमै बीउ र मल पाउँदा उत्पादन पनि बढ्यो । फूलबारीको स्वयम् जागृति समाजअर्न्तगत रहेको जनकल्याण समूहका सदस्य मनबारु चौधरीले साहूको मासिक ५ प्रतिशत चर्को ब्याजबाट राहत बनाउँदा समूहलाई थप हौसला बढाएको बताउनु भयो ।

समूह गठनसँगै कसरी समूहलाई दिगो बनाउन सकिन्छ भनी समूह समूहबीच छलफलको सुरुवातसँगै (सिबिओ) ५ वटा समुदायमा आधारित संस्थाको गठन गर्ने योजना पारित भई जिल्ला प्रशासन कार्यालय धजगढीमा विधिवत दर्ता भई विपन्न वर्गको आवाज गाविस तथा जिविस तहमा पुऱ्याउन सहज भयो । सिबिओले गाविस तथा जिविससँग सहकार्य गर्दै विभिन्न योजना सञ्चालन गरेको थियो । अहिले ५वटै सिबिओको आफ्नै भवनमा कार्यालय बनाई विभिन्न दातृनिकायसँग सहकार्य गरिसकेका छन् ।

उर्माको सशक्तिकरण मूल समितिले जिविसबाट १० लाख अनुदानसमेत लिई भवन निर्माण कार्यलाई पूर्णता दिन सफल भएको कुरा समूहकी सदस्य चन्की चौधरी बताउनुहुन्छ । यसैगरी जिल्ला पशु सेवा कार्यालय धनगढीसँग सहकार्य गरी चौमाला र हसुलिया गाविसमा बाख्रा पैँचो कार्यक्रम सम्पन्न गरेको चौमालाका चन्द्रप्रसाद खनाल बताउनुहुन्छ ।

निरन्तर समूहका सभा र सिबिओका वार्षिक साधारणसभाले संस्थाको हिसाबकिताब पारदर्शी हुँदा तत्कालीन गाविस तथा जिविसमा यसको निकै नै सकारात्मक चर्चा हुने गर्थ्यो । यसै प्रसङ्गमा सिबिओहरूको क्षमता वृद्धि र संगठित गर्न सिबिओ फेडेरेसनको आवश्यकता महसुस गरियो । पाँचवटै सिबिओका प्रतिनिधिहरूको छलफलबाट सिबिओ विकास केन्द्र गठन २०६३ साल पुस १७ गतेका दिन भयो । यसको विधिवत दर्ता जिल्ला प्रशासन कार्यालय कैलालीमा भयो । त्यसपछि समुदायका लागि विभिन्न विकासमूलक परियोजना सञ्चालनमा निरन्तर खटिइरहेको छ सिबिओ विकास केन्द्र ।

**समूहको प्रतिनिधित्व र सिबिओ विकास केन्द्र**

अहिले नियमित रूपमा समूह-सभा गरी सिबिओमा सभासद् पठाउने, सिबिओबाट ५ समूह बराबर १ सभासद गरी ३४ जना सभासद् सिबिओ विकास केन्द्रको साधारणसभामा पठाउने नियम रहेको छ ।

समूह सिबिओ र सिबिओ विकास केन्द्रबीच निकै नै बलियो अन्तर्सम्बन्ध रहेको छ । समूहबाट योजना बनाई सिबिओमा आउने गर्छ । सिबिओले आफूले गर्न सक्ने र फेडेरेसनबाट सहयोग लिनुपर्ने छुट्याई सिबिओ विकास केन्द्रमा पठाउने गर्छन् । यसरी फेडेरेसनको रूपमा रहेको सिबिओ विकास केन्द्रले प्रस्तावना बनाई विभिन्न निकायबाट स्रोत जुटाई सिबिओ (समूह)हरूलाई दिने र त्यस्तो स्रोत र सहयोगका आधारमा समूह-समूहमा योजना सञ्चालन गर्ने गरिएको छ ।

यसरी विपन्नवर्गका सदस्यहरूलाई संगठित गरी उनीहरूलाई विकास सवाल छनौट र कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउँदा समुदायमा दिगो परिवर्तन आउने बताउनुहुन्छ चौमालाका रूपनारायण चौधरी । यसरी अन्य पालिकामा पनि विपन्न वर्गको संगठित नेतृत्वमा सवाल छनौट गराई परिचाालन गर्न सकेमा दिगो र प्रभावकारी परिवर्तन ल्याउन सकिन्छ भन्ने पाठ सिबिओ विकास केन्द्रबाट सिक्न सकिन्छ । विपन्न वर्गको सञ्जालमा थप शक्ति बढाउनका लागि यस्ता समुदायमा आधारित नेटवर्क बलियो हतियार हुने अनुभव गरिएको छ ।●

**तयार पार्नेः ज्ञानुप्रसाद तिवारी**

# पारदर्शिताको नमूना सिबिओ विकास केन्द्र

सिबिओ विकास केन्द्र अर्थात् समुदायमा आधारित संस्थाको फेडेरेसन संस्था हो । जसले समुदायमा रहेका विपन्न वर्गको मानवअधिकार, खाद्यसुरक्षा र पैरवीका लागि २०६३ सालदेखि काम गर्दै आएको छ । यस संस्थाले पछाडि परेका र पारिएका समुदायको लागि विगत १२ बर्षदेखि यस कैलाली जिल्लाको हालका ३ गाउँपालिका र ६ नगरपालिकाहरूमा कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । सिबिओ विकास केन्द्रले स्थापनाकालदेखि नै समूह विशेष कार्यक्रम लक्षित वर्गमा सञ्चालन गरी तिनीहरूको ज्ञान, सीप र सोचमा परिवर्तन गर्दै बौद्धिक क्षमताको विकास कार्यमा लागिपरेको छ ।

यस केन्द्रले कार्य सञ्चालन समयदेखि नै समुदायस्तरमा नै गएर सदस्यहरूको साक्षरताको अवस्था पहिचान गरी पठनपाठनमा सुधारसहित सदस्यहरूको जीविकोपार्जनदेखि खाद्य सुरक्षासम्म र जनचेतनाको ज्योति फैलाएको अवस्था उर्मा, गदरिया, चौमाला, फूलबारी र श्रीपुरका सदस्यहरूबाट थाहा पाउन र फिल्डमा प्रत्यक्ष अवलोकन गरी अनुभूत गर्न सकिन्छ । यो संस्था समूहमा रहेका सदस्यहरूप्रति सधै जिम्मेवार र पारदर्शी रहेको कुरा यस संस्थासँग सहकार्य गर्दै आएको परिवर्तन कृषि सहकारी संस्था लि. का व्यवस्थापक देवबहादुर बाठामगर बताउनुहुन्छ । यस संस्थाले समूहस्तरमा होस् वा वडास्तरमा आफ्नो क्रियाकलापको सम्पूर्ण खर्च विवरण सुनाउने र 'पब्लिक अडिट' गराउने गर्दछ । समयमा अडिट गर्ने, सामाजिक लेखापरीक्षणसमेत गर्ने, वार्षिक प्रतिवेदन तयार गरी पठाउने आदि गरेर सबै सरकारी एवम् गैरसरकारी संस्थाहरूको मन जित्न सफल रहेको कुरा आर्दश कृषि सहकारी लि.की व्यवस्थापक श्री पूजाकुमारी चौधरी बताउनुहुन्छ ।

'समूहमा तालिम चलाउँदा भएको खर्चको विवरण छर्लंग पारी सुनाउने गरेकाले हामीले पनि अरु संस्थाभन्दा बढी विश्वासिलो मानेका छौं सिबिओ विकास केन्द्रलाई', घोडाघोडी न.पा. २ मा रहेको जीवन जागरुक महिला कृषक समूहकी अध्यक्ष रामपतिदेवी चौधरी भन्नुहुन्छ । यसरी संस्थाभित्र भएको सबै खर्चको विवरण नियमितरूपमा सुनाउँदा पारदर्शिता बढ्न गई सबैको विश्वासको पात्र पनि बन्न सकिन्छ भन्ने सिकाइ यस संस्थाको रहेको छ । संस्थाले अगामी दिनमा पनि सबैको मन जित्न सफल होस् र रहोस् भनी अपेक्षा गर्दछौ । ●

**तयार पार्नेः विनोद रावत**

# सिबिओको सहयोगबाट सहकारीका भवनहरू बने

सिबिओ विकास केन्द्रले विपन्न वर्गहरूको आयस्तर सुधार गर्न २०६३ सालमा ५ वटा सहकारी स्थापना गरेको छ। समाज सेवा समिति ( चौमाला), एकता समाज (श्रीपुर), स्वयम् जागृति समाज (फूलबारी), पीडित मुक्ति समाज (गदरिया), र सशक्तिकरण मूल समिति (उर्मा) को आफ्नै भवन वनेको छ । यसरी नै २०६९ सालमा लुथरन विश्व फेडेरेसनको आर्थिक सहयोगमा सिबिओ विकास केन्द्रको सञ्चालनमा ३ वटा सहकारी (परिवर्तन कृषि सहकारी संस्था लि. मोहन्याल गा. पा. ५ कटौंजे, रामशिखर कृषि सहकारी लि. घोडाघोडी न.पा. ४ गणेशपुर, आदर्श कृषि सहकारी लि. घोडाघोडी न.पा.२ सिरानगर) का भवनहरू बनेका थिए ।

सहकारी संगठन गर्दा कार्यालय भवन थिएन, कागजात तथा अन्य सामान राख्न र प्रशासनिक कार्य गर्ने व्यवस्था थिएन, धेरै समस्या पर्थ्यो । केही सामान सहकारीको अध्यक्षको घरमा र केही सामान व्यवस्थापकको घरमा राख्नुपर्ने हुन्थ्यो । तर जब विपन्नवर्गको उद्धारकको छाप छोडेको संस्था सिबिओ विकास केन्द्रले ३ वटै सहकारीलाई भवन निर्माण गर्न सम्झौता गरी हरेकलाई ६ लाख रुपैयाँ अनुदान दिएपछि सहकारीका भवन बनेका हुन् । तिनमा समूहको सदस्यहरूको श्रमदान तीन लाख रुपियाँ र स्थानीय गा.वि.स.बाट १ कठ्ठा जग्गा अनुदान पनि प्राप्त भयो । 'त्यसरी मेहनत गरेर ३ कोठे भवन सफलताका साथ निर्माण गरेका थियौं, अहिले धेरै आनन्द भएको छ', आदर्श कृषि सहकारी लि. साडेपानीकी सचिव ललिताकुमारी चौधरी बताउनुहुन्छ ।

यसरी हाल ८ वटै सहकारीका आफ्नै भवन छन् । जसमध्ये एकता समाज श्रीपुरमा आबद्ध रहेको प्रगति एकता सहकारीको उन्नति निकै राम्रो रहेको छ । हाल सेयर सदस्य संख्या १,२६५ जना र जम्मा बचत रकम करिब ४ करोड रुपैयाँ रहेको बताउनुहुन्छ, प्रगति एकता सहकारीकी सहायक व्यवस्थापक राधादेवी ओली । उहा थप्नुहुन्छ 'सहकारीको आम्दानीले वार्षिक रूपमा वृद्धवृद्धाहरूलाई सम्मान गर्ने, विपन्न बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गर्ने र सदस्यहरूको बीमा गर्ने गरेको छ । जसले सदस्यहरूमा सहकारीलाई अभिभावकको रूपमा विश्वास गरेका छन् ।'

सहकारीका सदस्यहरूले सिबिओ विकास केन्द्रलाई धेरै धेरै धन्यवाद दिँदै भन्छन् 'एक थुकी सुकी, सय थुकी नदी बन्छ' भनेजस्तै हामीहरू पनि एकताको बलमा बाँधिएका छौं । सबैको सहयोगले र लगनशीलताले जे पनि गर्न सकिन्छ भन्ने राम्रो प्रमाण हो यो । ●

**तयार पार्ने: हिरण चौधरी**

# चन्की चमत्कार : समूहको सदस्यदेखि उपाध्यक्षसम्म !

वि.सं. २०६३ सालअघिको कुरा हो कैलाली जिल्लाका अधिकांश महिलाहरू अशिक्षा, अज्ञानताको अन्धकारमा रुमल्लिरहेको अवस्था थियो । चुलोचौको र घरको चारघेराभित्र सीमित महिला दिदीबहिनीहरूमा आत्मविश्वासको कमी थियो । आफूमा कुनै पनि कुराको सम्भावना नदेख्ने महिलाहरू पारिवारिक तथा सामाजिक निर्णयहरूमा सहभागी हुने प्रक्रियाबाट बञ्चित थिए । उनीहरू आर्थिक, सामाजिक तथा शैक्षिकरूपमा कमजोर थिए । देशको कुल जनसंख्याको ५१ प्रतिशतभन्दा बढी महिला भए पनि महिला साक्षरता निकै कम हुनु निश्चय पनि बिडम्बनाको कुरा हो । शिक्षा र साक्षरताको अभावमा अझ पनि धेरै महिला दिदीबहिनीहरू पछाडि पर्नु परेको अवस्था छ ।

वि.सं. २०६३ पुस १६ गते सिबिओहरूको छाता संगठनको रूपमा जब सिबिओ विकास केन्द्रको स्थापना भयो । यस संस्थामार्फत् संस्थाको कार्यक्षेत्रमा समेटिएका गा.वि.स. हरूमा महिलाको क्षमता अभिवृद्धि गर्ने किसिमका विभिन्न अभिमुखीकरण तथा सीपमूलक तालिमहरू सञ्चालन गरिए । यसले उहाँहरूमा आत्मविश्वास बढ्दै गयो । यसले गर्दा महिला दिदिबहिनीहरूले आफूलाइ विभिन्न पेशा तथा तथा व्यावसायिक माध्यमबाट आर्थिकरूपमा सशक्त बनाउँदै लग्नुभयो ।

यसको एउटा ज्वलन्त उदाहरण हुनुहुन्छ -चन्की चौधरी । पढाइमा कुनै पनि औपचारिक कक्षा नलिएकी चन्की सिबिओ विकास केन्द्रद्वारा सञ्चालन गरिएको ६ महिने प्रौढ शिक्षाबाट सामान्य लेखपढ गर्ने बन्नुभयो । त्यसपछि उहाँको आत्मविश्वास बढ्दै गयो । त्यतिबेला सामान्यरुपमा समूहकी सदस्य हुनुहुन्थ्यो चन्की । विस्तारै नेतृत्व क्षमता बढ्दै गयो । आफूलाई समुदायस्तरदेखि नै नेतृत्वमा अब्बल साबित गर्दै जान थाल्नुभयो । हाल सिबिओ विकास केन्द्रमा कार्यसमितिको उपाध्यक्ष पदमा रही सिबिओ विकास केन्द्रको नीति-निर्माण स्तरमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहनुभएको छ । आफ्ना मिठा अनुभव सुनाउँदै उहाँ भन्नुहुन्छ - 'कुनै समय आफ्नो अधिकार के हो भन्ने थाहा नपाउने मजस्ती सामान्य महिला आज कैयौं दिदिबहिनीहरूको लागि न्यायको आवाज बन्ने प्रयास गरिरहेकी छु' । अहिले चन्कीको उदाहरण सिबिओ विकास केन्द्र र यससँग सम्बन्धित सम्पूर्ण संस्थाहरूमा चर्चाको विषय हुने गरेको छ । कसैकसैले चन्कीको मेहनत र नेतृत्वमा भएको प्रगतिलाई चमत्कार नै भन्ने गरेका छन् ।●

**तयार पार्ने: ईन्दु शाह**

# नास्ताको बजार : दैनिक हजार !

रुस्मा चौधरी घोडाघोडी नगरपालिका वडा नं. २ सिरानगरमा रहेको हरियाली महिला कृषक समूहकी अध्यक्ष हुन् । उनी एक अति विपन्न परिवारकी सहारा हुन् । किनकि परिवारमा रहेको २ कट्ठा जमिन र दैनिक लेबरी (मजदूरी) को (रु. ३००) आम्दानीले ५ जनाको परिवार चलाउन धौ धौ भएको छ उनलाई । उनी भन्छिन्, 'पेट दुखेर जचाउँदा मृगौलामा २ वटा पत्थरी देखिएको छ, जुन मसँग पैसा नभएर दुई वर्षदेखि उपचार गर्न सकेको छैन । पत्थरीको पीडा सहेर पनि दैनिक लेबरी जानुपर्ने बाध्यता मलाई रहेको छ ।'

विकास कोष नर्वेको आर्थिक सहयोगमा सिबिओ विकास केन्द्रबाट सञ्चालित सुलभ परियोजनाअन्तर्गत ५ दिने ठेलानास्ता तालिम र सामानको साथै ठेलागाडा सहयोग पाएर हाल साडेपानीको जंगपुर बजारमा २०७४ मंसिरबाट ठेला नास्ता व्यवसाय गरेकी छिन् रुस्मा ।

उक्त व्यवसायबाट उनले दैनिक रु ५०० देखि १,००० सम्म आम्दानी गरिरहेकी छिन् । अहिले श्रीमानको नियमित उपचार गर्न, छोराछोरीको पालनपोषण र घर खर्च चलाउन अति सहज भएको बताउँछिन रुस्मा । उनी थप्छिन्, ‘अहिले मैले दैनिक रु. १०० समूहमा र मासिक रु. १०० सहकारीमा नियमित बचत गर्ने गरेको छु । श्रीमानको नियमित उपचारले श्रीमानले आफूलाई सहयोग गर्ने गरेको पनि उनी बताउँछिन् । भविष्यमा रकम जम्मा गरेर आफ्नो पनि उपचार गर्ने र व्यवसायलाई बढाउने उनको योजना रहेको छ ।

रुस्मा चौधरी परिवर्तनकी एक असल पात्र हुन् । रुस्माजस्तै साढेपानीकै विस्ना चौधरी र फूलमती चौधरी पनि सफल ठेलानास्ता व्यवसायी भएका छन् । यसरी नै रामशिखरझालाकी गुलाबी चौधरी र मीना चौधरी पनि नास्ता व्यवसायबाट दैनिक ५०० देखि १,००० नाफा कमाउन सफल छन् ।

साढेपानीकै विद्यालय छोडेर बसेका छविलाल चौधरी कपाल काटेरै दैनिक ५०० कमाउने गरेको बताउँछन् । यसै गाउँका नवीन कठरिया मोटरसाइकल मर्मत तालिम सकिनेबित्तिकै मासिक ७/८ हजार सजिलै कमाउँछन् र उनको थप सिक्ने काम पनि चलिरहेको छ । यसैगरी रामशिखरझालाका किसन चौधरी आफ्नै मोटरसाइकल मर्मत ग्यारेज राखेर सफल व्यवसायी बन्ने योजनामा छन ।

विपन्न वर्गका महिला तथा युवाहरूलाई उनीहरूको इच्छाएको व्यावसायिक तालिम र केही सामग्री सहयोगका साथै ऋणका लागि सहकारीमा जोड्न सकिएमा स्वरोजगार बनाई आम्दानी बढाउन सकिन्छ । गाउँमा आफूजस्तै विद्यालय छोडेर बसेका बेरोजगार साथीहरू धेरै रहेको किसन बताउँछन् ।●

**तयार पार्ने: मनबारु चौधरी**

# पोषणसम्बन्धी चेतना बढ्यो, खानपानमा सुधार भयो

हाम्रो देश नेपाल, जहाँ विभिन्न किसिमका सरकारी तथा गैरसरकारी संस्थाहरूले काम गर्दै आइरहेका छन्, जसमध्ये एउटा सिबिओ विकास केन्द्र धनगढी पनि हो । यस संस्थाले आफ्नो कार्यक्षेत्रमा रहेको अति दुर्गम क्षेत्र मानिएका मोहन्याल गाउँपालिका ५ र २ वडाहरूमा पोषणयुक्त खानामा सुधारसम्बन्धी जनचेतनामूलक अन्तर्क्रिया छलफल तथा अन्य जीविकोपार्जन कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

कैलाली जिल्ला सुगममा परेता पनि यहाँको मोहन्याल गाउँपालिका अति दुर्गम स्थानमा रहेको छ । यहाँ बाटोघाटो, बिजुली बत्ती, खानेपानीजस्ता आधारभूत कुराहरूको अभाव छ । यहाँ शिक्षा र पोषणको पनि अभाव छ । यस्तो ठाउँमा सिबिओ विकास केन्द्रले पोषणयुक्त खानाको व्यवस्थापन संचालन गरेको छ ।

पोषणयुक्त खानाको बारेमा सामान्य थाहा हुँदा पनि गाउँलेहरूमा केही परिवर्तन देखिन थालेका छन् । ‘कस्तो र कति प्रकारको खाना खानु पर्छ भन्ने पनि हामीलाई पहिला थाहा थिएन, तर सिबिओ संस्थाले पोषण कार्यक्रम सञ्चालन गरेपछि भने धेरै कुरा थाहा भएको छ र व्यवहारमा लागू गर्ने प्रयास पनि गरेका छौं’, सुनपाल महिला समूह मोहन्याल ५ बिरखेतकी डम्मारा भाट भन्छिन् । त्यही गाउँकी मैसारा भाट थप्छिन्, ‘हाम्रा भान्सामै उपलब्ध हुँदाहुँदै पनि ज्ञानको अभावले कतिपय खानेकुरा राम्रोसँग व्यवस्थापन गर्न नसकेर हामी पछाडि परेका रहेछौं ।’

पोषणयुक्त खानाको व्यवस्थापनसम्बन्धी जनचेतना कार्यक्रम चलाउँदा समुदायमा ज्ञानको कमी र बुझाइमा कमी रहेकोले समूहका सबै सदस्यले बझ्ने र बुझाउने खालको “पोषणयुक्त खाना खाने बानी स्वास्थ्य जिन्दगानी” भन्ने नारासहितको पोस्टर संस्थाले हरेक घरलाई दिएको छ । जसलाई सबैले भान्सामा नै टाँसेर राख्छन् । ‘यसरी दिनदिनै पोस्टर देख्दा त्यसबाट पनि धेरै चेतना पाइने रहेछ, ख्याल गर्नुपर्ने धेरै कुरा सिकिने रहेछ’ शुभकामना मिश्रित समूह मोहन्याल ५ पाल्साकी जयन्ती रोकामगरको भनाय हो यो ।

परिर्वतनशील महिला समूह मोहन्याल-५ जिमट्टेकी अमृता बुढामगर भन्छिन्, ‘हाम्रो समुदायमा पोषणयुक्त खानाको बारेमा पहिलेको र अहिलेको अवस्थामा निकै नै परिवर्तन आएको छ ।’ ‘पहिले हामीलाई पोषण खाना कति र कुन प्रकारको खानुपर्छ भन्ने कुराको खासै जानकारी थिएन, तर अहिले हामीलाई कुन खाना खाएमा के तत्व पाइन्छ र कति प्रकारको खाना खानुपर्छ भन्ने बिषयमा धेरै जानकारी भएकोले खाना बनाउँदा र खाँदा के पुगेन भनेर सोच्ने गरेका छौं’, अमृता आफ्नो अनुभव पस्किन्छिन् ।

समुदायका सबै सदस्यले पोषणयुक्त खाना खाने बानीको विकास आफू र अरुलाई पनि सिकाउनु पर्छ भन्ने सिकाइ भएको बताउँछिन् हरियाली महिला समूह मोहन्याल-५ पालनीकी अध्यक्ष अमृता कठायत ।●

**तयार पार्ने: देवबहादुर बाठामगर**

# मोहन्यालको डाँडामा प्लाष्टिक पोखरीमा पानी

साविक मोहन्याल गा.वि.स. वडा नं. ५ र हाल मोहन्याल गाउपालिका वडा नं. ५ धनाडीका गांगाराम हौजाली जनज्योति समूहका सदस्य हुन् । उनी भन्छन्, ‘पहिले हामी बर्खे तरकारी लौका, सिमी, फर्सी, कुभिन्डो, काँक्रा अनि जंगली च्याउ र थाकलबाहेक हाम्रो लागि अरु तरकारी नै हुँदैन्थ्यो । हाम्रो गाउँमा पिउने पानीको धेरै नै अभाव छ । पिउने पानी पिउनको लागि पारि पटिको खोला सिरानमा रहेको सानो पानीको धारोमा पुग्नु पर्छ । कटौजेमा रहेको परिवर्तन कृषि सहकारी संस्थाको जनज्योति समूहको सदस्य भएदेखि लुथरन विश्व फेडेरेशनको आर्थिक सहयोगमा सिबिओ विकास केन्द्र धनगढीद्वारा सञ्चालित खाद्य सुरक्षाको पहलमा गरिबी न्यूनीकरण कार्यक्रमअर्न्तगत २ दिने करेसाबारीको तालिम पाएपछि उनले त्यो आधा रोपनी जग्गामा करेसाबारी बनाई तरकारी लगाउन सुरु गरे । पहिले पहिले उनको भान्साअगाडि रहेको जुठेल्नोमा जम्मा भएको सिंचाइबाट टमाटर धेरै राम्रो भयो त्यसपछि सिबिओ विकास केन्द्रबाट प्लाष्टिक पोखरीको परियोजना पर्‍यो । त्यसबाट उनमा उत्साह थपियो । राम्रो तरकारी खेती गर्नसक्छु भन्ने आँट पनि पलायो ।

अहिले पानीको व्यवस्था भएदेखि गंगारामलाई धेरै सजिलो भएको छ । उनी गर्वसाथ भन्छन्, ‘आजकाल मैले बाह्रै महिना कुनै न कुनै तरकारी उत्पादन गरी राखेको छु ।’

उनले आफ्नो करेसाबारीमा बेमौसमी रायोको साग, काउली, बन्दा, काँक्रा, खुर्सानी आदि फलाउने गर्छन् । आजकाल उनले घरमा ताजा तरकारी माझ्न खान्छन् । साथै तरकारी बेच्न कटौजे बजारमा पनि लैजान्छन् । यसरी बेच्दा उनले मासिक १,५०० देखि २,००० सम्म कमाउने गरेको छन् । उनी सुनाउँछन्, 'प्लाष्टिक पोखरीमा आउने पानीको मुहान टाढा छ, त्यही भएर टुक्राटाक्री मसिनो पाइप ल्याएको छु । पोखरीमा पानी भएन भने मुसाले प्लाष्टिक काट्ने डर हुन्छ । बाह्रैमास पानीको सुविधा हुने भए अझ हरियो सागसब्जी उत्पादन गर्ने थिएँ । त्यसको लागि कसैबाट पाइप सहयोग पाएको भए राम्रो हुने थियो ।'

भौगोलिक क्षेत्रले विकट भएता पनि निरन्तर प्राविधिक सहयोग र प्रेरणा दिन सके उत्पादनमा वृद्धि गर्न सकिने रहेछ भन्ने यहाँबाट सिक्न सकिन्छ । अन्य किसानहरूलाई पनि यस्तै प्राविधिक सहयोगले उत्पादन र आम्दानीमा वृद्धि गर्न सकिने रहेछ भन्ने राम्रो सिको भएको छ मोहन्यालमा । यो सिकाइलाई अब हामीले अन्यत्र पनि विस्तार गर्नुपर्ने देखिन्छ । ● **तयार पार्नेः रूपनारायण चौधरी**

## सामुदायिक विकासमा आफ्नै ऐना : त्यहाँदेखि यहाँसम्म आइपुग्दा !

२०५८ सालतिर श्रीपुर गा.वि.स.का दिदीबहिनीहरू आफ्नो परिचय दिन पनि नसक्ने अवस्थामा थिए । तीमध्येमा म राधा ओली पनि पर्थें । अब त १८ वर्ष नै भएछ समुह गठन भएको । अहिले म सि.बि.ओ. विकास केन्द्रको अध्यक्ष छु । २०७३ सालमा म अध्यक्ष चुनिएकी हुँ ।

हाल गोदावरी नगरपालिका ७ खैरेनी (साविक श्रीपुर ५ खैरेनी) मा बस्ने कलावती साउँद भन्नुहुन्छ, '२०५७/५८ सालसम्म हाम्रो गाउँघरमा घरको अगाडि एक बोट लसुन पनि नलाउने हामी दिदीबहिनीहरू अहिले लटरम्म तरकारी खेती गरिरहेका छौं ।' 'उत्पादन भएको तरकारी आफूले खाएर बाँकी गाउँघरमा बेची आफ्ना बालबालिकाहरूलाई पढाउने, घर खर्च चलाउने काम पनि हामी आफै गर्छौं' अर्की महिला सदस्य लक्ष्मी चौधरी भन्छिन् ।

**५ रुपैयाँबाट ५० रुपैयाँ पुग्दाको आनन्द**

२०५८ सालमा लुथरन विश्व फेडरेसन (एलडब्लुएफ) ले साविकका श्रीपुर, चौमाला, गदरिया, फूलबारी र उर्मा गाविसहरूमा नेपाल विकास परियोजना लागू गरेर उपेछित घरधुरी छनोट गरी हामीलाई आबद्ध गराएको थियो । सदस्यहरूलाई तीन महिनासम्म शसक्तिकरण शिक्षा कक्षामार्फत् आफ्नो नाम लेख्न र अरुसँग आपसी भलाकुसारी गर्न सक्ने बनायो । तीन महिना बितिसकेपछि सोही कक्षालाई छलफलबाट समूहमा परिणत गरी प्रत्येक महिनाको कुनै २ दिन बैठक बस्ने छौं भनी निर्णय गरियो । प्रत्येक महिना मासिक बचत रु. ५ उठाउने र आफूमा भएका र आइपरेका समस्याहरू समूहमा राखी सबै मिलेर सामाधान गर्ने गरियो र प्रत्येक सदस्यले उठाएको रकम बढ्दै जाँदा समूहमा हिसाब राख्न साह्रै अप्ठेरो भएको थियो । संस्थाले हामीलाई विभिन्न किसिमका क्षमतामूलक तालिम दिएर हिसाब-किताब गर्न सिकायो । यसका साथै आयमूलक तालिमहरू (जस्तै, तरकारी खेती, बाखापालन, बंगुरपालन आदि) ले हाम्रो आयआर्जन वृद्धि हुँदै गयो । हामीले मासिक बचत रु. ५ बाट बढाएर रु. ५० गर्न थाल्यौं ।

**समूहहरूको गाविसस्तरीय साझा संस्था**

त्यसपछि हाम्रो बचतको सुरक्षाको साथै समूहको दिगोपनका लागि गाविसस्तरीय सञ्जालको आवश्यकता महसुस भएपछि प्रत्येक समूह र वडाको प्रतिनिधित्व हुनेगरी गा.वि.स.भरिको एक मूल समिति गठन गरियो । मूलसमिति भइसकेपछि हामीलाई समूह सञ्चालन गर्न सजिलो भयो । मूलसमितिलाई वैधानिकरूपमा काम गर्न र समूहलाई दिगो परिचालन गर्न हामीले सिबिओको सञ्जाल संगठनको रूपमा विधिवत रुपमा जिल्ला प्रशासन कार्यालय धनगढीमा दर्ता गरियो । 'सिबिओ विकास केन्द्र' भनेर नाम राखियो ।

सिबिओले सम्पूर्ण समूहहरूको प्रतिनिधित्व गर्दै गाविसस्तरमा पैरवी गर्ने, वार्षिक योजना बनाउने, समूहमा विभिन्न सवालमा छलफल चलाउने र विभिन्न अभियान चलाउने काम गरियो । ५ वटै गाविसका समूहमा परिवर्तन देखिन थालेपछि गाविसहरूबाट पनि सहयोग हुन थाल्यो । सिबिओ र समूहको कामले प्रशंसा र प्रोत्साहन पाउँदा सदस्यहरूमा अझ हौसला बढ्यो ।

**संस्थाहरूको पनि महासंस्था अर्थात् सिबिओ विकास केन्द्र**

माथि उल्लिखित गाविसस्तरीय ५ वटै सिबिओहरूको क्षमता विकास र संजालीकरणका लागि जिल्लास्तरीय सञ्जालको आवश्यकताको महसुस गरियो । ५ वटै सिबिओको प्रतिनिधित्व हुने गरी मानबहादुर चौधरीको अध्यक्षतामा २०६३ सालमा तदर्थ समिति गठन भएपछि संस्थाहरूको पनि महासंस्था अर्थात् 'छाता संगठन'को रुपमा सिबिओ विकास केन्द्र दर्ता गरियो ।

सिविओ विकास केन्द्रका सम्पूर्ण विनियम तथा नियमावली तयार गरी एलडब्लुएफ नेपालको प्राविधिक सहयोगमा परियोजना विकास गरी सिबिओमार्फत् एउटा परियोजना सञ्चालन गरियो । समूहमा रहेका सवालमा रही आफैंले योजना बनाई आफैं योजना कार्यान्वयन गर्ने अभ्यासले आजका दिनसम्म समूहहरू दिगोरुपमा निरन्तर स्वचालित छन् । सिबिओहरू र सिबिओ विकास केन्द्रले विभिन्न समयमा समूहहरूको अनुगमन गर्ने, सहयोग गर्ने, समन्वय गराउने काम निरन्तर चलिरहेको छ ।

**सहकारी पनि !**

अहिले गाविसस्तर (साविक) का हरेक सिबिओमा सहकारी गठन भएको छ । सहकारी र सिबिओले संयुक्त रूपमा समूह तथा सदस्यहरूमा योजना विकास गर्ने र कार्यान्वयन गर्ने गरेका छन् । समूहमा अहिले प्रतिसदस्य १०० देखि ५०० रुपैयाँसम्म मासिक बचत गर्ने गरेका छन् । समूहमा पनि २ लाखसम्म बचत जम्मा भएको छ । साना समस्याहरू समूहबाट नै सरल तरिकाले समाधान हुने गरेका छन् र ठूलो समस्याका लागि सहकारीले सदस्यलाई आयआर्जन गर्ने काममा एक लाखदेखि पाँच लाखसम्म कर्जा उपलब्ध गराउँदै आएको छ ।

यस्ता समूह र संस्थाहरूले गर्दा अहिले माहिलाहरूले आफ्नो समस्या आफैं समाधान गर्न पाएकोमा खुशी छन् र आफूलाई चाहिएको बेलामा कसैसँग हात थाप्नु नपरेको बताउँछन् ।


**नेतृत्व छनोटमा प्रजातान्त्रिक अभ्यास**

सिबिओ र सिबिओ विकास केन्द्रका लागि विभिन्न समूहबाट प्रतिनिधित्व गरी आउने सभासद्हरू छान्दा समूहमा प्रजातान्त्रिक प्रणाली अपनाइन्छ । समूहको वर्षिक समूह-सभावाट प्रति ५ जना सदस्य बराबर १ सभासद् छनौट गरी गाविसस्तरीय सिबिओको साधारणसभाका लागि पठाइन्छ । तिनै सभासद्हरू सिबिओको कार्यसमितिका लागि निर्वाचन तथा सहमतीय पद्धतिबाट छनौट भई आउँछन् । साथै, सिबिओको साधारणसभाले प्रति ५ समूह बराबर १ सभासद छनौट गरी सिबिओ विकास केन्द्रको साधारणसभाका लागि पठाउँछ । ५ वटै सिबिओका ३४ जना सभासद्हरूबाट सहमतीय तथा निर्वाचन प्रक्रियावाट ५ वटै सिबिओको प्रतिनिधित्व हुने गरी सिबिओ विकास केन्द्रको कार्यसमिति गठन हुन्छ ।

यो कार्यसमितिको अवधि २ वर्षको हुन्छ । एक जना सदस्यले २ पटकभन्दा वढी अध्यक्षतामा उम्मेदवारी दिन पाउँदैन । एक व्यक्ति अध्यक्ष पदको दुई कार्यकालपछि अर्को मुख्य ४ पदमा कार्य अनुभव भएको सदस्य अध्यक्षका लागि योग्य हुने गर्छ । पहिलोपटक कार्यसमितिमा आउने सभासद्ले सदस्यबाट प्रवेश गर्नुपर्ने हुन्छ । यसरी सदस्यको नेतृत्व विकास र हस्तान्तरण गर्ने अभ्यास विगत १२ वर्षदेखि सिबिओ र सिबिओ विकास केन्द्रमा हुँदै आएको छ ।

**योजना निर्माण र कार्यान्वयनमा सहभागीमूलक प्रक्रिया**

समूहमा सदस्यहरू भेला भई वार्षिक समूह-सभा गरिन्छ, जसमा वर्षभरिका उपलब्धिहरूको समीक्षा गर्नुका साथै आयव्यय विवरण सुनाइन्छ । आगामी वर्षका लागि सवाल छनौट गरी वार्षिक योजना बनाइन्छ, जसमा समूहले आफैं गर्ने योजना र सिबिओबाट सहयोग माग्ने योजना भनी छुट्याई सिबिओमा पठाइन्छ । सिबिओले सम्पूर्ण योजनाहरू संकलन गरी सिबिओको स्रोतबाट सम्पन्न गर्ने योजना र सिबिओ विकास केन्द्रबाट माग गर्ने योजनाहरू छुट्याई सिबिओ विकास केन्द्रमा पठाइन्छ (रेखाचित्र पनि हेर्नोस्) । प्राप्त योजनाहरूलाई सिबिओ विकास केन्द्रले आफ्नो स्रोतले गर्न सक्ने र दातृनिकायबाट माग गर्नुपर्ने छुट्याई परियोजना विकास गर्ने गर्दछ । परियोजना प्रस्तावना बनाई सम्बन्धित दातृनिकाय वा साझेदार संस्थामा पेश गरी योजना भित्र्याउने काम गर्दछ । दातृनिकायबाट प्राप्त स्रोतलाई सिबिओको माग बमोजिम सम्झौता गरिदिने गरिन्छ र सिबिओले समूहको मागबमोजिम समूहमा योजनाहरू कार्यान्वयन गर्ने गर्दछ । यसरी समूहदेखि सिबिओ केन्द्रसम्मका विकास कमर्यक्रम र क्रियाकलापहरू चलिरहेका छन् । •




**तयार पार्ने : राधा ओली र ज्ञानुप्रसाद तिवारी**